Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २२, २०८२ साल पुस १५ गते मंगलबार (Decmber 30, 2025) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www . janaakash . com . np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash . com . np@gmail . com


## सरकारको एकीकृत वित्तीय विवरण सार्वजनिक



काठमाडौं - महालेखा नियन्त्रक कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ को संघ, प्रदेश र स्थानीय सरकारको एकीकृत वित्तीय विवरण पेस गरेको छ। उक्त प्रतिवेदन महालेखानियन्त्रक शोभाकान्त पौडेलले अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र महालेखापरीक्षक तोयम रायासमक्ष छुट्टाछुट्टै पेस गरेका हुन् ।

संघीय सञ्चित कोषको सञ्चालन र तीन वटै तहका सरकारको एकीकृत वित्तीय विवरण र प्रतिवेदन तयार पारी पेस गर्ने जिम्मेवारी महालेखानियन्त्रक कार्यालयले गर्दै आएको छ । "आर्थिक वर्ष २०८१/८२ मा संघ, प्रदेश र स्थानीय सरकारको सञ्चित कोषमा रु एक खर्ब आठ अर्ब ९९ करोड छ लाखले ऋणात्मक रहेता पनि नगद अवस्था भने रु एक खर्ब चार अर्ब १३ करोड ८४ लाखले धनात्मक रहेको छ", कार्यालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "संघ, प्रदेश र स्थानीय सरकार र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का विभिन्न कोषको मौज्दात रकमको आधारमा नगद तथा बैङ्क मौज्दात रु एक खर्ब ८८ अर्ब ९४ करोड ५८ लाखले धनात्मक रहन गएको देखिएको छ ।" भनि उल्लेख गरिएको देखिन्छ। नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचाअनुरुप तयार पारिएको प्रस्तुत विवरण तथा प्रतिवेदनमा संघ, प्रदेश र स्थानीय सरकार र बजेट प्रणाली बाहिरका निकायका प्रचलित कानुनले तोकेका विवरण पनि प्रतिवेदनमा समावेश गरिएको उल्लेख गरिएको देखिन्छ ।

## कान्छाराम कन्स्ट्रक्सनसहित ५ कम्पनी कालो सूचीमा



काठमाडौं । पूर्व ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)को निर्माण कम्पनी कालोसूचीमा परेको छ ।

प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले तामाङको कान्छाराम कन्स्ट्रक्सनलाई डेढ वर्षका लागि कालोसूचीमा राखेको हो। कान्छाराम कन्स्ट्रक्सनलाई कालोसूचीमा राख्न ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना समन्वय एकाइ श्रीमहल ललितपुरले सिफारिस गरेको थियो ।

सो सिफारिस अनुसार कालोसूचीमा राख्ने निर्णय पुस १३ गते भएको सार्वजनिक खरिद अनुगमन कार्यालयले आज जारी गरेको सूचनामा लेखिएको छ । कालो सूचीको डेढ वर्ष अवधि भने आज सूचना प्रकाशित भएको मिति पुस १४ गतेदेखि गणना सुरु भएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार कान्छाराम कन्स्ट्रक्सनसँगै छोङ्गिङ इन्टरनेसनल कन्स्ट्रक्सन कर्पोरेसन चीनको कम्पनी पनि डेढ वर्षका लागि कालोसूचीमा परेको छ ।

यसैगरी नेपाल खानेपानी संस्थान शाखा कार्यालय पोखराको सिफारिसमा ड्रैगन कन्स्ट्रक्सन प्रालि धनुषा पनि डेढ वर्षका लागि कालोसूचीमा परेको छ। यो कम्पनीका मुख्य व्यक्ति बैजनाथ यादव हुन् । » बाकी ६ पृष्ठमा

## प्रधानमन्त्रीको उम्मेदवार बालेन शाह, पार्टीको नेतृत्व रवि लामिछाने

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिका मेयर बालेन शाहबीच सहमतिमा हस्ताक्षर भएको छ । शनिबार बेलुकादेखि बसेको दुई पक्षबीचको बैठकपछि बिहान ४ बजे सहमतिमा हस्ताक्षर भएको हो ।

सहमति अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी प्रतिनिधि सभाको निर्वाचनपछि बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सार्नेछ । पार्टीको नाम, चुनाव चिह्न र झण्डा भने राष्ट्रिय स्वतन्त्र पार्टीकै हुने भएको छ। पार्टीको सभापति रवि लामिछाने नै हुनेछन् । सहमतिमा केन्द्रीय समिति लगायतका विषयमा उल्लेख छैन । तर बालेन शाहका तर्फबाट केन्द्रीय सदस्य थपेर निर्वाचन आयोगमा अद्यावधिक गर्ने समझदारी दुई पक्षबीच भएको छ । बृहत एकतापश्चात पार्टीको संगठनात्मक संरचनालाई फराकिलो बनाउने र त्यसमा युवा अभियानी एवं अनुभवी विज्ञलाई समायोजन गर्ने सहमतिमा उल्लेख छ । साथै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने जनाइएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा बालेन्द्र शाह बीच बृहत् एकता सम्बन्धी सहमतिसबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्याय सहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आम नागरिकका आकांक्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवं परिवर्तनकामी राजनीतिक शक्तिहरुबीच सहकार्य हुन अपरिहार्य रहेको तथ्यलाई आत्मसात » बाकी ६ पृष्ठमा



## बालेनले गरे समानुपातिकमा प्रस्ताव, प्रत्यक्षमै लड्छु



काठमाडौं- सामाजिक अभियन्ता आशिका तामाङलाई आगामी निर्वाचनमा समानुपातिकर्फतबाट उम्मेदवार बन्न रास्वपा नेता एवं काठमाडौंका मेयर बालेन शाहले प्रस्ताव गरेका छन् । भोलिसम्ममा निर्वाचन आयोगमा समानुपातिकको बन्दसूची पेश गरिसक्नुपर्ने दबाब दलहरूलाई छ ।

जस अनुसार, आइतबार दिनभर बालेनले समानुपातिकका आकांक्षी र आफूले प्रस्ताव गरेका सदस्यहरूसँग छलफल गरेका छन् । सो क्रममा उनले तामाङसँग पनि छलफल गरेका हुन् । तामाङका अनुसार, आइतबार साँझ बालेन निकट टिमसँग बसेर उनले छलफल गरेकी हुन् ।

'मैले भर्खरै छलफल गरेर आएँ । मेयर साब पनि हुनुहुन्थ्यो । उहाँले समानुपातिकमा उम्मेदवार बन्न प्रस्ताव गर्नुभयो,' उनले भनिन् । बालेनसँग छलफल गर्नुअघि उनले आफ्नो सामाजिक सञ्जालमार्फत एउटा » बाकी ६ पृष्ठमा

## आयोगलाई लेखकको आग्रह- निष्पक्ष छानबिन होस्, फेरि बयानमा बोलाए पनि आउँछु



काठमाडौं- जेनजी आन्दोलनका क्रममा २३ र २४ भदौमा भएका घटनाहरूको निष्पक्ष, वस्तुनिष्ठ, तथ्यपरक र पूर्वाग्रहरहित ढंगले सूक्ष्म अध्ययन गर्न निवर्तमान गृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखकले जाँचबुझ आयोगलाई आग्रह गरेका छन् ।

आइतबार आयोगसमक्ष बयान दिएपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै तत्कालीन गृहमन्त्री लेखकले आयोगले सम्पूर्ण घटनाक्रमको गहिरो विश्लेषण गरी सरकारलाई ठोस सिफारिससहित प्रतिवेदन बुझाउनुपर्ने बताएका हुन् ।

'मैले आयोगलाई निवेदन गरेको छु। २३ र २४ भदौमा भएका घटनाहरूलाई निष्पक्ष, वस्तुनिष्ठ र तथ्यपरक रूपमा अध्ययन गरेर अत्यन्त सूक्ष्म ढंगले प्रतिवेदन तयार गरोस् र सरकारलाई सिफारिस गरोस्,' उनले भने । आवश्यक परे पुनः बयान दिन आफू तयार रहेको उल्लेख गर्दै लेखकले जवाफदेहितामा विश्वास गर्ने बताए ।

'थप बुझ्नुपर्ने, जान्नुपर्ने वा सुन्नुपर्ने भयो भने फेरि बोलाउनुस् भनेको छु। म आउँछु। प्रश्न उठ्छन् भने त्यसको जवाफ दिनुपर्छ भन्ने मान्यतामा म विश्वास गर्छु,' उनले भने । यसैबीच, जेनजी आन्दोलनका क्रममा असल नियतका साथ सुरु भएको शान्तिपूर्ण प्रदर्शनमा योजनाबद्ध रूपमा घुसपैठ गराएर हिंसात्मक बनाइएको लेखकको दाबी छ । उनका अनुसार २४ भदौको विध्वंश पूर्वनियोजित र योजनाबद्ध रूपमा गराइएको थियो भने २३ भदौमा भएको हताहती केवल आवेगप्रेरित मात्र नभएको संकेत गर्छ ।

'जेनजी पुस्ताले असल मुद्दा र असल मनसायका साथ २३ भदौमा प्रदर्शन आयोजना गरेका थिए । माइतीघरबाट सुरु भएको शान्तिपूर्ण प्रदर्शन बानेश्वर पुग्दानपुग्दै घुसपैठ भयो,' लेखकले भने, 'आन्दोलन हाइज्याक भएको भन्दै युवाहरूले नै घर फर्कन आह्वान गर्नुले घुसपैठ भएको पुष्टि हुन्छ ।' घुसपैठकै कारण आन्दोलन हिंसात्मक बन्दा धेरैको ज्यान गएको र कैयौं घाइते भएको उनले बताए। लेखकले आयोगको » बाकी ६ पृष्ठमा

## सर्वोच्च अदालतले भदौ २३ र २४ गतेको घटनासम्बन्धी आयोगविरूद्ध रिटमा निर्णय गर्ने




काठमाडौं । भदौ २३ र २४ गतेको घटनाको छानबिनका लागि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको जाँचबुझ आयोगविरूद्ध दायर भएको रिटमा सर्वोच्च अदालतले निर्णय सुनाउने भएको छ ।

आयोगका अध्यक्षसहित सबै पदाधिकारीहरूलाई कामकारबाही गर्न रोक लगाउन माग गर्दै कात्तिक १८ गते सर्वोच्चमा रिट दायर गरेको थियो। शुक्रबार न्यायाधीशहरू मनोजकुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेलको इजलासले निर्णय सुनाउने गरी पेसी तोकिएको हो ।

विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारी आयोगका सदस्य छन्। अधिवक्ता विपिन ढकालले आयोग र सबै पदाधिकारीविरूद्ध सर्वोच्चमा रिट दायर गरेका थिए ।

पूर्वाग्रही धारणा राख्ने व्यक्तिलाई आयोगको अध्यक्षको रूपमा नियुक्त गरी न्याय प्रणालीले अबलम्बन गरेको प्राकृतिक न्यायको सिद्धान्त उल्लंघन हुन गएको रिटमा उल्लेख छ ।

अध्यक्ष कार्कीले आफैले छानबिन गर्नुपर्ने विषयका सम्बन्धमा आफ्ना समाचार शेयर गर्नु र अन्तर्वार्ता दिनुले स्वच्छ सुनुवाइको सिद्धान्त र निर्दोषिताको सिद्धान्तको उल्लंघन भएको पनि रिटमा उल्लेख गरिएको छ । उनीहरूलाई निवेदनको अन्तिम टुंगो नलागुन्जेलसम्म अध्यक्ष तथा सदस्यको रूपमा कुनै कार्य नगर्नु र नगराउन » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष –१८, अंक– २२,
२०८२ साल पुस १५ गते मंगलबार
30 DECEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनले देश विकासको आधार तयार गरोस् ।

आउदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुदैछ । नेपालमा कार्यपालिकाको संवैधानिक व्यवस्था निर्माण गर्ने अंगको रूपमा रहेको प्रतिनिधिसभा हो । यस प्रतिनिधिसभाको निर्वाचन २०७२ सालको संविधान निर्माण भएपछि दुईपटक निर्वाचन भएको थियो । त्योभन्दा अगाडी संसदको रूपमा रहेको थियो । २०७९ सालमा निर्वाचन सम्पन्न भएर पाँच वर्षको लागि चुनिएका प्रतिनिधिहरूको झण्डै दुईवर्ष बाँकी छदै त्यतिवेलको सरकारले फेसबुक लगायत सामाजिक सञ्जाल नेपालमा पनि दर्ता गरेर चलाउनुपर्ने बाध्यकारी नियम लागुगर्न खोजेपछि युवा पुस्ता अर्थात जेन्जी समूहले आन्दोलन गरे उक्त आन्दोलन भड्किएर रक्तपातमा परिणत भएपछि आक्रोशित भीडले सरकार नै अपदस्त गरेको थियो ।

त्यो अन्यौलता पछि बनेको सरकारले ६ महिनाभित्र निर्वाचन गराएर देशलाई निकास दिन नेपाली सेनाको रोहबरमा सम्झौता गराएको थियो र पूर्व प्रधानन्यायधिस सुशिला कार्कीको नेतृत्वमा सरकार वनेको थियो । अहिले निर्वाचनको लागि मिति समेत तोकेर निर्वाचन आयोगमा राजनीतिक पार्टीहरूले पार्टी दर्ता अध्यवद्यिक गरेर भाग लिन सवै खालका कामहरू गरिरहेका छन् । अर्कोतिर राजनीतिक पार्टीहरूले आफ्नो पार्टीलाई जिताउन र सवैभन्दा ठूलो पार्टी वा दुईतिहाई ल्याएर सरकारमा जान रणनीतिहरू बनाईरहेका छन् । यता निर्वाचन आयोगले निर्वाचनका लागि तयारी थालिसकेको निर्वाचन कार्यलयले बिज्ञप्तिहरू प्रकाशन गर्दै आएको छ ।

यि माथिका आधारहरूलाई मान्दा फागुन २१ गते निर्वाचन हुन्छ भन्ने मत देखिएको छ । निर्वाचन योभन्दा अगाडी पनि भएका थिए । भोलीका दिनमा पनि होलान् ।

हामी नेपालीहरूका लागि नेपाल देशको लागि मूल कानून लेख्ने कार्यकारी अधिकारको अंग रहेको प्रतिनिधिसभामा जितेर आउने सदस्हरूले नै हो । त्यसकारण नेपाल देश विकासको आधार तयार गर्नसक्ने विषय विज्ञहरू आउदो फागुन २१ गतेको निर्वाचनमा जितेर आउन र नेपाललाई विश्व अर्थतन्त्रमा प्रतिस्पर्धा गर्नसक्ने बनाउन् ।

# पाँचखाल उपत्यकाको स्वास्थ्य अवस्था



■ डा. सुधार प्रसाद अधिकारी

काठमाण्डौ राजधानी बाट करीब चालिस किलो पूर्वमा पर्ने यो उपत्यका पश्चिममा भमरकोट पूर्वमा पलान्चोक, तिमाल, दक्षिणमा दाप्चा र उतरमा मण्डनदेउपुर ईलाका भित्रको मुख्यतया समथर भु(भाग र केही साना, साना पाहाडी भु(भाग पर्ने क्षेत्र हो । करीब पचाँस बर्ष पहिला ४,५ हजार जनसंख्या भएको यस क्षेत्र अहिले आएर गाँउ पंचाएत हुदै नगरपालिकामा परिणत संगै, सहरी करण तिर लम्कीरहेछ । र मैले पाएको सुचना अनुसार करीब ५० हजार जनसंख्या हाल आएर भएको हुनुपर्छ । स्वास्थ्य अवस्थाको बारेमा लेख्नु पर्दा पुरानो अरनिको राजमार्ग बन्नु अगाडि र त्यसपछिको अवस्था छुट्टाछुट्टै वर्णन गर्दा बुझ्न सजिलो हुने देखेर मैले दुई भागमा प्रस्तुत गरेको छु ।

अरनिको राजमार्ग खुल्नु पहिला : २०२३ बाट अरनिको राजमाग संञ्चालन हुनु पूर्व अशिक्षा, गरीबी र अभाब, रुढीबादी झारफुक परम्परा नै स्थाई रुपमा समाजमा स्थापित भएको देखिन्छ । त्यस बेला सम्म काठमाण्डौ समेत बीर अस्पताल, कान्ती बाल अस्पताल, र प्रसुती गृह मात्रै आधुनिक अस्पताल थिए, जहाँ देशभर बाट आउने बिरामीको चाप हुन्थ्यो, अझ भन्ने हो भने त्यति बेला स्वास्थ्य हेरचाह भनेको प्रथामिक बिषय नै थिएन प्राथामिक बिषय त खेतिपाती र बस्तुमा नै सम्पूर्ण परिवारको ध्यान थियो सामान्य ज्वरो, घाउ खटिरा , झाडापखाला आउँदा जडिबुटि र झारफुक गर्ने चलनथियो । त्यसबाट नभएमा मृत्यु नै हुन्थ्यो । हुनेखाने त्यसबेलाको परिवारमा समेत स्वास्थ्यलाई प्राथमिकमा राखेको पाइएन । संभवत २०१५(२०१८ साल तिर जब मलेरिया अफिस पाँचखालमा आएर बस्यो हालको पुरानो बजारमा त्यस बेलाबाट मात्र बेसी जहाँ धानखेती हुन्थ्यो त्यहाँ मानिसहरु आएर बस्न थालेको देखिन्छ । यसको कारण मलेरिया अफिसमा ज्वरोको औषधी सिटामोल र लामखुट्टे मार्ने डि.डि.टी गाउँ गाउँमा हुने गर्दा मलेरिया, टाईफाइड, झाडापखालाको सामान्य औषधी अलिअलि शिक्षित परिवारको घरसम्म पुगेको गरिब, तल्लो जाति, दलित कोही त अझैपनि स्वास्थ्य चेतना नै छैन भन्दा हुन्छ बच्चाहरु र गर्भवती महिला बिरामी हुदाअलि स्वास्थ्य चेतनाभएको घरमा ध्यान पुगेको देखिन्छ ।

म आफै एउटा उदाहरण दिन्छु, सायद मोही खान नपाएको भए मेरो मृत्यु हुने थियो कि जस्तो लाग्छ । ३ कक्षामा पढ्ने म करिब ८(९ वर्षको थिए होला मलाई झाडापखालाको रोगले समात्यो । त्यसबेला झाडापखाला लागेमा पानी खान हुदैंन भन्ने अन्धविश्वास थियो । मलाई तार तार झाडापखाला २ दिन सम्म लागेपछि म बेहोस भएर तुलसी मठमुनी राखिएको थियो । त्यै बेला कसैले ताजा मोही भनेको सर्वत हुने भएकोले दिन आग्रह गरे र दुई गिलास मोही खाएपछि म फेरी जागेर आए । सायद त्यो मोही नै मलाई बचाउने अचुक औषधी बन्यो, त्यस्तै धामी झाक्री लगाउने कुखुरा बलि दिने, फुकफाक गर्ने जस्ता कार्यहरु त समाजका बलिया स्वास्थ्य प्रवर्धनका आधार नै थिए, अझै पनि कतिपय ठाउँमा यो प्रथा विद्यमान छ । धेरै जसो घरमा गम्भीर प्रकृतिको विरामीमा पनि माथि उल्लेख गरे अनुसारको विधि नै मुख्य स्रोत थियो । तैपनि खानलाउन सक्ने र अलिअलि शिक्षाका चेतना भएका घरहरु भने गम्भीर प्रकृतिको रोगका लागि बनेपामा सिर मेमोरियल अस्पताल पनि लैजाने गर्थे, जुन नगन्य थियो । त्यसबेला टि.वी, मलेरिया, कोलेरा, टाईफाइड आदि रोग लाग्दा सामान्य उपचार नपाएर नै मृत्यु हुने गरेको तथ्यहरु फेला पर्छन । अपर्झट सुत्केरी हुनँ नसकेर आमा र बच्चाको असामयीक निधन त कति हो कति, यी उदाहरण त केबल उदाहरण मात्र हैन्न त्यसबेलाको विकराल स्वास्थ्य अवस्थाका प्रतिक नै हुन् ।

अरनिको राजमार्ग संचालन पछि : २०२३ सालबाट अरनिको राजमार्ग खुले पछि आवतजावत गर्न सजिलो भयो तर केही पैसा जम्मा नभइकन त धुलिखेल, बनेपा, काठमाडौंमा जान पनि धेरै जसो मानिसलाई सहज थिएन । त्यसबेला काठमाडौं पनि विर अस्पताल र प्रसुती गृह र पाटनमा शान्त भवन मिसन अस्पताल सञ्चालनमा थिए, उतीबेला सीमित डाक्टर, नर्स र कंपाउडरबाट उपचार भएको पाईन्छ । बनेपामा सिर मेमोरियल अस्पताल नजिक र भरपर्दो मानिन्थो । त्यसपछि २०२८(२०२९ तिर बाट लामीडाँडामा आर्मी अस्पतालबाट रिटायर्ड मेडिकल स्टाफबाट आधुनिक औषधि सुरु गरेको पाईन्छ, जहाँ भीड नै लाग्थ्यो त्यहाँ चित्त नबुझेमा धुलिखेलमा मनिकलाल मेडिकल, बनेपामा कृष्ण प्रसाद कंपाउडर हालआएर उहाँको छोरा डा. भुषण श्रेष्ठ ले कृष्ण प्रसाद अस्पताल सञ्चालन गर्नुभएको छ । त्यसबाहेक बनेपा पुरानो बजारमा गुभाजुहरुबाट आयुर्वेदिक उपचार हुन्थ्यो । जुनअहिले पनि सञ्चालनमा छ । २०२८ सालतिर जब माहाराजगंजमा अहेव कोर्षसुरु भयो, तव नजिकका गाउँमा हेल्थपोस्ट र अ.हे.व पुग्न थाले । अ.हे.व कोर्ष १० कक्षा पास गरेपछि १ वर्षको पढाई हुन्थ्यो । पाँचखालमा पहिलो हेल्थपोस्ट २०३२(२०३३ सालतिरबाट सुरु भयो । समाज कल्याण केन्द्रमा हेल्थपोस्ट भएता पनि धेरै औषधीहरु जस्तै एन्टीबायोटिक्स, टि.वी को औषधी त्यहाँ पाईदैन्थ्यो । त्यहाँ निशुल्क पाइने औषधीमा झाडापखालाको औषधी, ज्वरोको लागि सिटामोल र घाउँखटिरामा लाउँने औषधी र बच्चाको लागि विसीजी, टिपिटी, पोलियोको खोपहरु उपलब्ध हुन्थ्यो ।

ठकुरी मेडिकलः लामीडाँडामा करिब २९(३० साल बाट खोलेको हुनुपर्छ जहाँ नेपाली सैनिक अस्पतालबाट कंपाउडर तालिम लिएका, पेन्सनमा बसेका सैनिकबाट सञ्चालन भएको पहिलो मेडिकल थियो । जहाँ दिनमा सयौं बिरामीहरु जान्थे । खासगरि पाँचखाल भेग र मण्डनदेउपुर, दोलालघाट, कोशीपारीबाट समेत ठुलो मात्रमा मानिसहरु उपचारमा आउथे । मैले २०३२ सालमा माहाराजगंज क्याम्पसमा हेल्थ असिस्टेन्टमा पढ्न थालेपछि, म आफै पनि विदामा जाँदा विभिन्न विरामीहरुको सामान्य उपचारमा संलग्न हुन्थे । जब मैले २०४५ सालमा एम.वि.वि.एस पास गरे सायद धुलिखेल पूर्वमा पहिलो डाक्टर म नै हुँ । त्यस पछि मैले विभिन्न समयमा सर्व मंगला स्कुल, काफ्लेडिही हेल्थ सेन्टरमा र पछि आएर हाम्रा काका कृष्ण प्रसाद अधिकारी समेतको सहयोगमा हेरक वर्ष आँखा शिविर राखी सयौ मोती विन्दुका विरामीको उपचार सम्पन्नभयो । जुन अझै पनि हरेक वर्ष सम्पन्न हुदैछ । त्यहाँको जनसंख्या अनुसार एउटा करिब ५० वेडको अस्पतालको एकदम आवश्यक छ तर विभिन्न निकाय, स्वास्थ्य मन्त्रालय, समाज कल्याण मन्त्रालय, प्रदेश स्वास्थ्य मन्त्रालयमा समेत पहलगर्दा पनि अस्पताल स्थापना गर्न सरकारी तवरमा सकेको छैन् । हालै आएर मेरो आफ्नै पहलमा पाँचखाल बासीहरु मिलेर एउटा सरकारी सामुदायिक अस्पताल खोल्नका लागि दुई चोटी काठमाडौंमा र पाँचखालमा पनि ४०(५० जना स्थानीयमा जम्मा भई सञ्चालन गर्न सहमती जनाईएको छ । जसमा १,२ लाख सम्म चन्दा संकलन गर्न धेरै जना सहमत हुनुहुन्छ तर रकम करिब ८,१० करोड भएको हुदा निर्णय गर्न सकेको छैन ।

> खानेपानी, विजुली, टेलिफोन, पीच सडकहरू र केही मात्रामा आधुनिक कृषिले पनि ठाउँ लिएको छ । पाँचखालको आलु तथा तरकारी काठमाडौं समेतले राम्ररी चिनेको छ । एकातिर बढ्दो सहरीकरण तथा मानिसको चेतना वृद्धि हुँदा, त्यै अनुसार विरामीको संख्या पनि दिनानुदिन बढ्दै छ । क्यान्सरका विरामीको चाप धेरै बढेको छ । जुन मलाई सम्पर्क गर्ने मानिसहरूबाट थाहा हुन्छ, जस्तै व्लड क्यान्सर, फोक्सोको क्यान्सर र पेटको क्यान्सर बढि देखिएको छ ।

त्यहा अस्पताल सरकारी तवरबाट नहुनुको मुख्य कारण धुलिखेलमा ठुलो मेडिकल कलेज हुनु र बनेपामा मिसन अस्पताल राम्रो सँग सञ्चाल भएको भन्ने जवाफ आउँछ । तर म आफै पनि यस विषयमा चिन्तीत छु कि त्यहा एउटा अस्पताल बनाउने भनेर, मैले हरेक दिन त्यहाबाट आउने ८,१० जना मानिसलाई धुलिखेलमा म कार्यरत वि.पि. स्मृति अस्पतालमा बोलाउने गरेको छु । हालआएर केही सुविधा भने थपिएको छ । जस्तै पाँचखाल नगरपालिका आधारभुत अस्पताल दुलालचोकमा भखरै मात्र मेरो र केही साथिहरुको अथक प्रयास पछि पाँचखालनगरका मेयर श्री महेश खरेलको सहयोगमा सुरुवात चाहीभएको छ ।

महिनाको दुईपटक म आफै पनि कन्सल्टेटको हिसावमा जाने गरेको छु । त्यहा प्रशुती गराउने चिकित्सक, एउटा फिजिसियन, बच्चाको डाक्टर र हार्डजोर्नीको चिकित्सक नहुँदा सानो हड्डी भाँचिदा पनि विरामीलाई धुलिखेल पठाउनुपर्छ । अनि सामान्य ज्वरो आएर भर्ना भै उपचार गर्नुपरे पनि डेलिभरी गर्नु परे पनि धुलिखेल नधाई सुखै छैन । मेरो आफ्नो प्रयास हँदाहुदै पनि अझै यि सेवाहरु उपलब्ध हुन सकेको छैन । नगर अस्पताल बाहेक प्राईभेट क्लिनिकहरु पनि खुलेका छन्,जसमा पाँचखाल पोलीक्लिनिक(तामाधाट) र अन्यदुई तिन मेडिकल जहाँ हरेक सनिबार काठमाडौंबाट विशेषज्ञ चिकित्सकहरु केहि मानिसलाई उपचार गराउन सजिलो भएको छ । पाँचखाल पोलीक्लिनिक म आफै पनि महिनाको एक पटक जाने गरेको छु । जहाँ बिद.तभकत, ऋफउगतभच ह-चबथ, खष्मभय-हचबथ, म्भलतबा ऋष्लिष्अ, एजथकष्यतजभचबउथ उपचार हुन्छ । तर त्यहाँ भर्ना गरेर उपचार गराउने व्यवस्था छैन, यी सव उपचार बिधि बढेपछि, धामीझाक्री, प्रथाहरु भने निकै कम भएर गएको देखिन्छ ।

पाँचखालको अहिलेको आवश्यकता र चुनौतीः

आठ वर्ष देखि पाँचखाल नगरपालिका परीणत भएसँगै बाहिरबाट मानिसहरु त्यहाआई बसोबास गर्न आकर्षित भएको दखिन्छ जब कि पाँचखालका स्थाई बासिन्दा धेरैजसो काठमाडौं मा नै बसोबास बनाउन चाहान्छन, बाहिरबाट मानिसहरु आई बसोबास बढे सँगै सहरमा अरु स्कुल र क्यापसको पढाई समेत हुँदै आएको छ । पाँचखालको सर्व मंगला कलेज एउटा त्यही मध्यको एउटा हो जहाँ द्यब, द्यभम, द्यद्यक तिन विषयमा स्नातक पढाई सुरु भएको १८ वर्ष भयो, जहाँ म आफै अध्यक्ष मनोनित भएको छु । त्यस्तै खानेपानी, विजुली, टेलिफोन, पीच सडकहरु र केही मात्रामा आधुनिक कृषिले पनि ठाउँ लिएको छ । पाँचखालको आलु तथा तरकारी काठमाडौं समेतले राम्ररी चिनेको छ । एकातिर बढ्दो सहरीकरण तथा मानिसको चेतना वृद्धि हुँदा, त्यै अनुसार विरामीको संख्या पनि दिनानुदिन बढ्दै छ । क्यान्सरका विरामीको चाप धेरै बढेको छ । जुन मलाई सम्पर्क गर्ने मानिसहरुबाट थाहा हुन्छ, जस्तै व्लड क्यान्सर, फोक्सोको क्यान्सर र पेटको क्यान्सर बढि देखिएको छ ।


विषादी प्रयोग धेरै हुँदा यस्तो भएको हो कि भन्ने अनुमान पनि गरिन्छ । यो एउटा पब्लीक हेल्थ समस्या भएको हुँदा यसमा थप अध्ययन अनुसन्धान आवश्यक छ भने माथि भने बमोजिम सरकारी तवरबाट भए राम्रो नभए प्राइभेट तहमा भएको विशेषज्ञ सहितको कम्तीमा ५० सैया अस्पताल जहा सामान्य अपरेसन, आई.सि.यु सेवा सहित टडकारो आवश्यक रहेको छ । सो क्षेत्रलाई मात्र काठमाडौं आई बसोबास गर्ने सबै जसो स्थानीय तथा बौद्धिक वर्ग समेत बसी घनिभूत छलफल गरी एउटा निष्कर्षमा पुग्दा पाँचखाल बासीको लागि ठुलो सहयोग तथा कल्याण हुने देखेको छु ।

# कोहलपुरदेखि दैलेखको चुप्रासम्म १३२ केभी प्रसारण लाइनको काम तीव्र

काठमाडौं- कोहलपुर(सुर्खेत) हुँदै दैलेखको चुप्रासम्म ६ वर्ष अघिदेखि १३२ केभी विद्युत् प्रसारण लाइन निर्माणाधीन छ । आयोजनासँग जोडिएका विवादहहरू समाधान भएसँगै अहिले कामको तिव्रता बढेको छ ।

३७ वर्ष पुरानो संरचनाबाट हाल सुर्खेतसहित कर्णालीका सात जिल्लामा विद्युत् प्रसारण हुन्छ । यसले लो(भोल्टेज) र अरू विभिन्न प्राविधिक समस्या उत्पन्न हुँदा बिजुली राम्रोसँग उपयोग गर्न नपाएका कर्णालीका उपभोक्त् ताहरूमा १३२ केभी प्रसारण लाइन सञ्चालन आएमा गुणस्तरीय बिजुली उपभोग पाउने आशा जगाएको छ ।

हिउद लागे लो भोल्टेज अनि जेठमास र बर्खामा हावा(हुरी) र पानीले संरचनामा क्षति गराउँदा राम्रोसँग विद्युत् उपयोग गर्न नपाएका कर्णालीबासीलाई नेपाल विद्युत् प्राधिकरणले टावरलाइन निर्माणको काम धमाधम गरिहेको छ । जग्गा अधिग्रहण, वन क्षेत्रको रूख कटानमा विवाद र निर्माण सामग्री ढुवानीमा समस्यालगायतले



ढिलो भएको काम यी विवाद समाधान हुँदै गएपछि सुर्खेत क्षेत्रमा काम अन्तिम चरणमा छ भने दैलेख क्षेत्रको ५० प्रतिशत काम सकिएको छ ।

दैलेख क्षेत्रको रूख कटानबारे मन्त्रिपरिषद्ले चाँडै निर्णय गरिदिएमा ८ देखि ९ महिनाभित्र सबै काम सकिने छ । दैलेख क्षेत्रमा विद्युत् विस्तारका लागि १०१ वटा टावर निर्माणका गर्नपर्छ । त्यसका लागि ३१ जना स्थानीयको ६९०२ वर्ग मिटर जग्गा विद्युत प्राधिकरणले अधिग्रहणको काम अन्तिम चरणमा पुऱ्याएको छ । जग्गा अधिग्रहणसँगै टावरहरू धमाधम बनिरहेका छन् ।

पुराना र जीर्ण होचा पोल, हावा(हुरी) र अन्य प्रकृतिक विपद् बाट हुने क्षतिले विद्युत् वितरण प्रणालीमा गडबड हुँदा कहिल्यै गुणस्तरीय बिजुली उपभोग गर्न नपाएका कर्णाली बासीलाई १३२ केभी लाइनले ठूलो राहत दिने दाबी विद्युत् प्राधिकरणको छ । कर्णाली प्रदेशमा ८२ प्रतिशत जनसंख्यामा मात्रै राष्ट्रिय प्रसारण र वैकल्पिक विद्युत् सेवाको पहुँचमा छन् ।

भौगलिक विकटता र सरकारी काममा ढिलासुस्तीले नागरिक अँध्यारोमा बस्न बाध्य छन् । कुल ७० करोड लागतमा निर्माण भइरहेका २६३ वटा टावरबाट पुग्ने बिजुलीको वितरण प्रणाली सुदृढ गर्न सुर्खेत र दैलेखमा सबस्टेसन निर्माणको काम अन्तिम चरणमा छ ।

# रवि–बालेनको सहमतिपछि प्रसाईंले भने : भागबन्डाले हुँदैन, जनमत संग्रह गरौं

काठमाडौं- 'राष्ट्र, राष्ट्रियता धर्म सँस्कृति र नागरिक बचाउन महाअभियान नेपाल'का संयोजक दुर्गा प्रसाईंले रवि लामिछाने र बालेन्द्र शाहबीचको सहमतिलाई राजनीतिक व्यापार भनेका छन् ।

प्रसाईंले ७० लाख सहकारीपीडितले न्याय पाउनुपर्ने विषय किन एजेन्डामा नरहेको प्रश्न उठाएका छन् ।

उनीहरूले भागबण्डाको राजनीतिले देश नबन्ने र देश बचाउन चरित्र आवश्यक रहेको उल्लेख गर्दै जनमत संग्रह गर्नपर्ने बताएका छन् ।

१३ पुस, काठमाडौं । 'राष्ट्र, राष्ट्रियता धर्म सँस्कृति र नागरिक बचाउन महाअभियान नेपाल'का संयोजक दुर्गा प्रसाईंले रवि लामिछाने र बालेन्द्र शाह (बालेन)बीचको सहमतिलाई राजनीतिक व्यापार भन्दै टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत प्रसाईंले देशलाई आफ्नो जग्गा सम्झेर सम्झौता गर्ने संस्कार राजनीति हो कि व्यापार भनेर प्रश्न गरेका हुन् ।

उनले ७० लाख सहकारीपीडितले न्याय पाउनुपर्ने विषय किन एजेन्डा नभएको भन्दै प्रश्न गरेका छन् ।

गएराति रास्वपाका



सभापति लामिछाने र काठमाडौं महानगरपालिकाका प्रमुख बालेनबीच बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार मानेर आगामी निर्वाचनमा भाग लिने सहमति भएको थियो । प्रसाईंलाई यसैलाई लिए टिप्पणी गरेका हुन् ।

उनले भागबण्डाको राजनीतिले देश नबन्ने र देश बन्न चरित्र चाहिने पनि भनेका छन् ।

'भागबण्डाको राजनीतिले देश बन्दैन, देश बचाउन चरित्र चाहिन्छ । अब समय आएको छ– व्यक्ति होइन, प्रणाली बदल्ने । दल होइन, देश प्राथमिकतामा राख्ने,' उनले भनेका छन्, 'डर होइन, सत्यका पक्षमा उभिने । देश जोगाउन सबैजना एक भएर अघि बढौं । किनकि देश कसैको निजी सम्पत्ति होइन । यो हामी सबैको साझा जिम्मेवारी हो । देश कुर्सीको सौदाबाजीले होइन, जनताको निर्णयले चल्नुपर्छ ।'

त्यस्तै प्रसाईंले देशको भलो सोच्ने हो भने ढिला नगरी जनमत संग्रह गर्नपर्ने पनि बताएका छन् ।

# निर्वाचन आचारसंहिता : एआईको प्रयोगमा आयोगले गरायो सचेत

निर्वाचन आयोगले फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनका लागि स्वीकृत गरेको आचारसंहितामा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) बारे पनि उल्लेख गरिएको छ ।

निर्वाचन आयोगले फागुन २१ गतेका लागि तय प्रतिनिधि सभा निर्वाचनका लागि स्वीकृत आचारसंहितामा एआईको प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने काम नगर्न भनिएको छ । आचारसंहितामा सामाजिक सञ्जालमा एआई प्रयोग गरी होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने काम गर्न नहुने उल्लेख छ ।

सूचना/सामग्रीलाई एआई प्रयोग गरी तोडमोड गरेर निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट गर्न नहुने पनि भनिएको छ ।

१३ पुस, काठमाडौं । निर्वाचन आयोगले फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनका लागि स्वीकृत गरेको आचारसंहितामा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) बारे पनि उल्लेख गरिएको छ । जसमा एआईको प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने, होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने काम नगर्न भनिएको छ ।

'सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने' आचारसंहितामा उल्लेख छ । त्यस्तै कुनै एक प्रयोजनका निम्ति प्रकाशित वा प्रसारित सूचना/सामग्रीलाई एआईको प्रयोग गरी/नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरेर सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायत कार्य पनि गर्न नहुने पनि उल्लेख छ ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिकामा ईसिडी हार्मेनी परियोजनाको वार्षिक समिक्षा

रामेछापको रामेछाप नगरपालिकासँगको सहकार्यमा चाइल्ड एड नेटवर्क फाउन्डेसनको आर्थिक तथा सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको प्राविधिक सहयोगमा सञ्चालित ईसिडी हार्मोनी परियोजनाले एक वर्षभरी गरेको कामको समिक्षा गरिएको छ । शनिबार नगरपालिकाको सभाहलमा परियोजनाको वार्षिक समिक्षा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको हो । परियोजनाले एक वर्षभरी गरेका कामहरुको बारेमा परियोजना संयोजक मैयाँ बस्नेतले जानकारी गराउनुभयो । उहाँका अनुसार जिल्लाको तिन वटा पालिकामा यो परियोजनाले काम गरिरहेको छ ।

प्रारम्भिक बाल विकासको क्षेत्रमा भएका मुख्य मुख्य काम तथा उपलब्धिहरुको बारेमा जानकारी गराइएको हो । परियोजनाले विद्यालयहरुमा कक्षाकोठाव्यवस्थापन,बाहिरीखेलसमाग्रीको व्यवस्थापन, विद्यालयमा घेराबार गर्नमा सहयोग,शैक्षिक सामाग्रीहरु सहयोग, शिक्षक अभिभावक तथा जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम, अभिभावक शिक्षा जस्ता कार्यक्रमहरु गरिसकेको छ । ईसिडी शिक्षिकहरुको घुम्ती बैठक, सबै वडाहरुमा प्रारम्भिक बाल विकास समिति गठन गर्ने काम समेत भैसकेको परियोजना संयोजक बस्नेतले बताउनुभयो ।

समिक्षा कार्यक्रममा परियोजनाले विगत एक वर्षमा हासिल गरेका उपलब्धिहरू, सामना गरिएका चुनौतीहरू तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत छलफल गरिएको थियो । प्रारम्भिक बालविकासको गुणस्तर सुधार, बालमैत्री शिक्षण सिकाइ वातावरण सिर्जना तथा



शिक्षकहरूको क्षमता अभिवृद्धिमा परियोजनाले सकारात्मक योगदान पुऱ्याएको सहभागीहरूले बताएका छन् ।

ईसिडी शिक्षक गिता खत्रीले परियोजनाले आफ्नो विद्यालयमा काम थालेदेखी विद्यालयमा निमित रुपमा बालबालिका उपस्थित हुने गरेको बताउनुभयो । आफुलाई पनि नियमित रुपमा विद्यालय जान जाँगर चलेको उहाँले सुनाउनुभयो । शिक्षण सिकाईका लागि आवश्यक सम्पुर्ण शैक्षिक सामाग्रीहरु परियोजनाले सहयोग गरेकाले बालबालिकाहरु खेल्दै,रमाएर पढ्ने गरेको उहाँले बताउनुभयो ।

अभिभावक शिक्षा सहजकर्ता सलिना दर्लामी मगरले अभिभावहरुले प्रारम्भिक बाल विकासको बारेमा बुझेपछि समुदायमा राम्रो प्रभाव परेको बताउनुभयो । उहाँहरु निकै उत्साहका साथ हरेक बैठकमा उपस्थित हुने गरेको उहाँले सुनाउनुभयो ।

शारदा संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायण प्रसाद घिमिरेले परियोजनाको सहयोगले अहिले विद्यालयको परिवेशन नै फरिएको बताउनुभयो । कक्षा इसिडी र एकका लागि विभिन्न सहयोग भएजस्तै अन्य कक्षाहरुको कोठा व्यवस्थापनमा पनि सहयोगको अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले प्रारम्भिक बालशिक्षामा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याउँदै ईसिडी हार्मेनी परियोजनाले समुदायस्तरमा सचेतना वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो ।

रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले अब छिट्टै अभिभावक मेला आयोजना गर्ने तयारी भैरहेको बताउनुभयो । सो मेलामा अभिभावकहरुको उल्लेख सहभागितागराउनेउद्धेश्यलेपरियोजनासँग साझेदारी गरेर काम गरिने उहाँको भनाई छ ।

आगामी दिनमा परियोजनाका गतिविधिहरू अझ प्रभावकारी र दिगो बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरिएको छ । परियोजना कार्यान्वयन भइरहेका क्षेत्रका सरोकारवाला निकाय, शिक्षक, अभिभावक, जनप्रतिनिधि तथा परियोजनासँग आबद्ध प्रतिनिधिहरूको कार्यक्रममा सहभागितामा रहेको थियो । समिक्षा कार्यक्रम सुझाव संकलन तथा अनुभव आदान-प्रदानसँगै समापन गरिएको थियो । कार्यक्रम रामेछाप नगरपालिकाका बाल विकास संयोजक सरोज श्रेष्ठले संचालन गर्नुभएको थियो ।

## जेनजी आन्दोलनमा लुटिएका ७३३ हतियार फिर्ता

काठमाडौं । जेनजी आन्दोलनमा लुटिएका सुरक्षा निकायका ७३३ हतियार फिर्ता भएका छन् ।

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा सुरक्षा निकायका हतियारहरु लुटपाट भएका थिए । जसमध्ये अहिलेसम्म ७३३ हतिार फिर्ता आएको गृह मन्त्रालयले बताएको छ । आन्दोलनको क्रममा नेपाल प्रहरीका मात्रै १ हजार २७१ हतियार लुटिएको थियो ।

सशस्त्र प्रहरीका पनि केही हतियार हराएका थिए । जसअनुसार करिब १३ सयको हाराहारीमा हतियार लुटपाट भएका थिए । ती मध्ये करिब साढे ५ सय हतियार अझै फिर्ता आउन बाँकी नै रहेको छ ।

अहिले फेला नपरेका हतियारमध्ये केही भने प्रदर्शनकारीहरूले खोलानाला तथा झाडीतिर फालेको र केहीले मात्रै न्यून मात्रामा लुकाएर राखेको हुनसक्ने सुरक्षा निकायको विश्लेषण छ । 'धेरै हतियार फिर्ता आइसकेका छन् । केही हतियार हराएका छन् । तीमध्ये केही हतियार कुनै आपराधिक पृष्ठभूमिका व्यक्तिले लुकाएका होलान् । बाँकी हतियार भने फालिसकेको विश्लेषण हामीले गरेका छौं,' एक सुरक्षा प्रमुखले गृह मन्त्रालयमा ब्रिफिङको क्रममा भनेका छन् ।

लुटिएका हतियार खोजी गर्न विशेष योजना बनाएर काम गरेको प्रहरीले सो क्रममा लुटिएका बाहेक नै थप ३२ हतियार पनि बरामद गरेको बताएको छ ।

# प्रथम बागमती प्रदेश लघुवित्त सदस्य सम्मेलन सम्पन्न




काठमाडौं- सात बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेश लघुवित्त सदस्य सम्मेलन सम्पन्न भएको छ । शुक्रबार कार्की ब्याँक्वेट, काठमाडौंमा भएको सम्मेलनको उद्घाटन प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले गरेका थिए ।

"स्वस्थ लघुवित्त, समृद्ध सदस्य" भन्ने मूल नाराका साथ आयोजित सम्मेलनमा बागमती प्रदेशका २४ वटा संस्था तथा ३०० भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको थियो । मानुषी लघुवित्त, स्वावलम्बन लघुवित्त, छिमेक लघुवित्त, सूर्योदय वोमी लघुवित्त र महिला सहयोगी बचत तथा ऋण सहकारीको संयुक्त आयोजनामा भएको सम्मेलनको विभिन्न सत्रमा नेपालका प्रतिष्ठित लघुवित्त विज्ञहरुले नेपालमा लघुवित्तको महत्व, आवश्यकता र योगदानका विषयमा आ-आफ्ना धारणा राखेका थिए ।

लघुवित्त कार्यक्रमलाई अझ सदस्यमुखी, प्रभावकारी तथा दिगो बनाउने अभिप्रायले आयोजित सम्मेलनले युवा सदस्यहरूलाई उद्यमशीलतातर्फ प्रेरित गर्ने, सबै सरोकारवालाहरूलाई अझै जिम्मेवार र उत्तरदायी बनाउने तथा जिम्मेवार लघुवित्त अभ्यासको प्रबर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

सम्मेलनलाई समापन सत्रका प्रमुख अतिथि पूर्व गभर्नर दिपेन्द्र बहादुर क्षेत्री, लघुवित्त विज्ञ स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठ, नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष राम बहादुर यादव लगायतका वक्ताहरुले सम्बोधन गरेका थिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २२,
२०८२ साल पुस १५ गते मंगलबार
30 DECEMBER 2025, TUESDAY

# व्यवसायमा कर्जा विस्तारका लागि डिएआई-उदय परियोजनासँग सहकार्य

काठमाडौं । ग्लोबल आइएमई बैंकले साना तथा लघु उद्यम/व्यवसायमा कर्जा विस्तारका लागि डिएआई-उदय परियोजनासँग सहकार्य गर्ने ग्लोबल आइएमई बैंक लिमिटेड र डिएआई-उदय परियोजना बीच कोशी प्रदेशका विभिन्न साना तथा लघु उद्यमहरुलाई वित्तीय पहुँचका लागि सहकार्य गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।




उक्त समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र राज रेग्मी तथा परियोजनाका चिफ अफ पार्टि अरुण रानाले हस्ताक्षर गर्नभएको हो । समझदारी पश्चात् कोशी प्रदेशमा सञ्चालित विभिन्न साना तथा लघु व्यवसायहरुलाई सहजरुपमा कर्जा प्रवाह हुने र लगानीको अभावले व्यवसाय विस्तार गर्न असमर्थ उद्यम तथा उद्यमीहरुको व्यवसाय विस्तार सँगै रोजगारी वृद्धि हुने विश्वास बैंकले लिएको छ ।

यस सम्झौता अनुशार, डिएआई-उदय परियोजनाले छनौट गरेका उद्यम तथा व्यवसायहरुले ग्लोबल आइएमई बैंकको कोशी प्रदेशका सम्पूर्ण शाखा कार्यालयबाट सहजरुपमा कर्जा पाउनेछन् ।

नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको द्विपक्षिय पहलस्वरुप कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको प्राविधिक सहयोगमा कोशी प्रदेशका सम्पूर्ण जिल्लाहरुमा डिएआई-उदय परियोजनाले कार्य गर्दै आइरहेको छ ।

डिएआई- उदय परियोजनाले कोशी प्रदेशमा नबिकरणिय उर्जा, कृषी प्रशोधन, आईटी, पर्यटन तथा उत्पादनमुलक उद्योग लगायतका व्यवसायहरुलाई कर्जाको उपलब्धता तथा व्यवसायिक उन्नतीको लागि वित्तीय श्रोतमा सहज वातावरण बनाईरहेको छ ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ । अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा संचालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ ।

# सिद्धार्थ बैंक र नेपाल सोशल बिजनेसबीच सहकार्य




काठमाडौं । सिद्धार्थ बैंकले कृषि, सौर्य ऊर्जा तथा स्वस्थ घरेलु-आधारित खाद्य समाधानका क्षेत्रमा क्रियाशील युवा महिला उद्यमीहरूलाई समर्थन गर्ने उद्देश्यका साथ नेपाल सोशल बिजनेस (एनएसबी) सँग सहकार्य गरेको छ ।

नेपाल सोशल बिजनेससँग हातेमालो गर्दै सामाजिक प्रभावयुक्त उद्यमशील यात्रामा सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै सिद्धार्थ बैंकका प्रमुख मार्केटिङ अधिकृत सुरेशराज महर्जनले यस सहकार्यले नेपालमा उद्यमशीलता प्रवर्द्धन तथा दिगो आर्थिक विकासप्रतिको साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने उल्लेख गरे । त्यसैगरी नेपाल सोशल बिजनेसका तर्फबाट निर्भाण चौधरीले रणनीतिक लगानी, मार्गदर्शन तथा दीर्घकालीन सहयोगमार्फत सामाजिक उद्यमलाई सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दै एक दशकभन्दा बढी समयदेखि सक्रिय रहँदै आएको नेपाल सोशल बिजनेसले हालसम्म देशभर २० भन्दा बढी सामाजिक उद्यमहरूलाई सहयोग गरी समावेशी आर्थिक वृद्धि र दिगो जीविकोपार्जनमा योगदान पुऱ्याउँदै आएको जानकारी दिए ।

यस्ता प्रभावमूलक उद्यमहरूको सशक्तिकरणले समावेशी, दिगो तथा सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ । प्रभावमुखी उद्यमीहरूलाई प्रवर्द्धन गर्दै उनीहरूलाई विस्तार र सुदृढीकरण गर्न निरन्तर क्रियाशील रहँदै आएको नेपाल सोशल बिजनेसको पहल तथा उद्देश्यप्रति समर्थन जनाउँदै सिद्धार्थ बैंक लिमिटेडले उद्देश्य-केन्द्रित उद्यमहरूको सशक्तिकरणमार्फत समग्र देशको आर्थिक विकासमा योगदान पुऱ्याउने प्रतिबद्धताका साथ बैंकले आगामी दिनहरूमा पनि यस्ता सहकार्यलाई निरन्तरता दिन बैंक सधैं सकारात्मक रहेको बताइएको छ ।

# एनआइसी एसिया बैंकका ग्राहकलाई आइएमई हस्पिटालिटीमा १० प्रतिशत छुट




काठमाडौं । एनआइसी एसिया बैंक र आइएमई हस्पिटालिटीबीच बैंकका ग्राहकहरूलाई विभिन्न सेवाहरूमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पत्रमा बैंकको तर्फबाट डिजिटल एण्ड ट्रान्जेक्सन बैंकिङ प्रमुख विमल लम्साल र आइएमई हस्पिटालिटीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रसन्न अधिकारीले हस्ताक्षर गरे ।

बैंकको डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकहरूलाई आइएमई हस्पिटालिटी अन्तर्गतका विभिन्न होटल, रेष्टुरेन्ट तथा केबलकार सेवाहरूमा १० प्रतिशतको आकर्षक छुट उपलब्ध हुने समझदारी भएको छ ।

जसमा आइएमई हस्पिटालिटीले आफ्ना विभिन्न सेवाहरू जस्तै होटल ले हिमालय (लाजिम्पाट), इला होटल्स एण्ड रिसोर्ट (मौलाकाली), इला कम्फर्ट (बाग्लुङ), द लेकसाइड रिसोर्ट (पोखरा), सेक एण्ड फेंग रेष्टुरेन्ट (लाजिम्पाट), मौलाकाली केबलकार र लुम्बिनी केबलकारमा १० प्रतिशतसम्म छुट उपयोग गर्न सक्नेछन् ।

यस सुविधाको उपयोग गर्न ग्राहकले यस बैंकको डेबिट कार्ड वा क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्नु पर्नेछ । उक्त होटलसँगको यस सहकार्यले ग्राहकहरूलाई छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# नेपाल टेलिकमले वाइफाई ६ राउटर र एपीसँग फाइबर टु द होम इन्टरनेट सेवा प्रदान गर्ने

काठमाडौं- नेपाल टेलिकमले हाल वितरण गरिरहेको फाइबर टु द होम (एफटीटीएच) प्रविधिको इन्टरनेटलाई अझै गुणस्तरीय बनाउन वाइफाई ६ राउटर (सीपीई) र एपी उपलब्ध गराउने भएको छ । यस अनुसार अब वाइफाई ६ प्याकेज अन्तर्गत न्यूनतम १०० एमबीपीएस क्षमताको एफटीटीएच वितरण हुनेछ ।

नेपाल टेलिकमले पहिले वाइफाई ५ प्रविधिको सीपीई उपलब्ध गराइरहेकोमा अब वाइफाई ६ प्रविधिको सीपीईका साथै पहिलो पटक एपी (बए-ब्अअभकक एयष्लत) समेत उपलब्ध गराउने भएको हो । नयाँ प्रविधिका यी उपकरण प्रयोग गर्दा विभिन्न स्थानमा वाइफाई सिग्नल पर्याप्त नहुने समस्याको समाधान हुनेछ भने इन्टरनेटको स्पिड पनि तीव्र हुनेछ । धेरै डिभाइसहरु कनेक्ट गर्न, सबैले फुल स्पिडमा इन्टरनेट चलाउन, डाटा ट्रान्सफर छिटो गर्न, डिभाइसको ब्याट्री लाइफ बढाउन र सुरक्षित तथा भरपर्दो इन्टरनेट सेवाका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने छ ।

ग्राहकहरुका लागि वाइफाई ६ इन्डिभिजुअल प्याकेज र प्रिमियम प्याकेज उपलब्ध हुनेछ । इन्डिभिजुअल प्याकेज अन्तर्गत १. इन्टरनेट र टेलिफोन प्याकेज, २. इन्टरेनट, बेसिक एनटीटीभी र टेलिफोन प्याकेज र ३. इन्टरनेट, प्रिमियम एनटीटीभी र टेलिफोन प्याकेज मध्ये कुनै




एक प्याकेज रोज्न सकिने छ । त्यसैगरी प्रिमियम प्याकेज अन्तर्गत १. प्रिमियम इन्टरनेट प्याकेज वान्ली, २. प्रिमियम इन्टरनेट र बेसिक एनटीटीभी प्याकेज र ३. प्रिमियम इन्टरनेट र प्रिमियम एनटीटीभी मध्ये कुनै एक प्याकेज रोज्न सकिने छ । यी सबै प्याकेज १००, १५० र २०० एमबीपीएस क्षमताका हुनेछन् भने मोबाइलमा डाटा समेत उपलब्ध हुनेछ । नेपाल टेलिकमले उपलब्ध गराउने वाइफाई ६ प्रविधिको सीपीई र एपी तथा एफटीटीएचको नयाँ दररेट र अन्य जानकारी लिन नेपाल टेलिकमको वेबसाइट धधध.लतअ.लभत.लउ हेर्न सकिन्छ । त्यसैगरी 'नेपाल टेलिकम' एपको प्रयोगबाट पनि विभिन्न प्याकेजहरु सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । १९८ मा कल गरेर वा नजिकको नेपाल टेलिकमको कार्यालयबाट पनि यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ ।

# क्लव चौलानीले आइपिओ निष्कासन गर्ने, बिक्री प्रबन्धकमा गरिमा क्यापिटल




काठमाडौं । क्लव चौलानी लिमिटेडले आइपिओ निष्कासन गर्ने भएको छ । कम्पनी र गरिमा क्यापिटल लिमिटेडबीच साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौता भएको छ ।

बुढानिलकण्ठस्थित होलिडे इन रिसोर्टमा सम्पन्न एक कार्यक्रमकाबीच कम्पनीले गरिमा क्यापिटल लिमिटेडलाई सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको हो ।

सम्झौता पत्रमा क्लव चौलानी लिमिटेडका तर्फबाट अध्यक्ष राजेन्द्र के.सी.तथा गरिमा क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराईले हस्ताक्षर गरे । २०६५ साल वैशाख २५ गते प्राइभेट लिमिटेड कम्पनीको रूपमा स्थापना भएकोक्लव चौलानी लिमिटेड २०८१ साल पुस २२ गते पब्लिक लिमिटेडमा रुपान्तरण भई सुदूरपश्चिम प्रदेशकै एक नमूना र पहिलो पाँच तारे होटलको रूपमा आफूलाई स्थापना गर्न लागेको छ ।

क्लव चौलानीले आफ्नो जारी पुँजीको २० प्रतिशतले हुन आउने रकम आइपिओको रूपमा सर्वसाधारणको लागि निष्कासन गर्न लागेको हो ।

# लक्ष्मी सन्राइज बैंक लिमिटेडको पच्चिसौं वार्षिक साधारणसभा सम्पन्न




काठमाडौं । २०८२ पौष १४ गते लक्ष्मी सन्राइज बैंक लिमिटेडको पच्चिसौं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भयो । साधारण सभाले बैंकको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

पारित बोनस शेयरसँगै बैंकको चुक्ता पूँजी रु २६ अर्ब ७८ करोड पुगेको छ । साधारण सभाले आर्थिक वर्ष २०८१,८२ का लागि संचालक समितिको प्रतिवेदन तथा सोही आर्थिक वर्षको बैंकको वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गरेको छ । साथै आर्थिक वर्ष २०८२,८३ का लागि लेखापरिक्षकको नियुक्ति समेत गरेको छ ।

आ.व. २०८१,८२ मा रु ३७१ अर्ब निक्षेप र रु २८७ अर्ब कर्जा पुऱ्याएको यस बैंकको वासलातको आकार रु ४४३ अर्ब रहेको छ । सो आ.व.मा बैंकले ४ अर्ब ६ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

## प्रतिलिपि अधिकार संरक्षण गरौं ।

- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं ।
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं ।
- अर्काको सृजना वा रचना चोरी नगरौं ।
- प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं ।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं ।
- सृजनाको संरक्षण गरौं ।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



खेलकुद

# लालीगुराँस क्वार्टरफाइनलमा, अठराई एपीएफसाग भिड्नेल



मजुङ – लालीगुराँस युवा क्लब भुजुङले 'ए' डिभिजन क्लब सातदोबाटो युथ क्लब, ललितपुरलाई पराजित गर्दै लमजुङमा जारी ३३औं त्रिवेणी कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बेसीसहरको सहजीस्थित खेलमैदानमा सोमबार सम्पन्न खेलमा लालीगुराँसले सातदोबाटोलाई २-१ ले हराउँदै अन्तिम आठमा आफ्नो स्थान सुरक्षित गरेको हो ।

लालीगुराँसको जितमा अनिश महर्जन र विदेशी खेलाडी अजायी मार्टिन कायोडले एक-एक गोल गरे । खेलको ४२औं मिनेटमा अनिशले गोल गर्दै लालीगुराँसलाई अग्रता दिलाए । दोस्रो हाफको दोस्रो मिनेटमै सातदोबाटोका अमन लामाले बराबरी गोल फर्काए पनि ८०औं मिनेटमा अजायीले निर्णायक गोल गरेपछि लालीगुराँसको क्वार्टरफाइनल यात्रा पक्का भयो ।

अब लालीगुराँसले सेमिफाइनल प्रवेशका लागि ' ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड र बुद्ध युथ क्लब भोटेओडारबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । यो खेलमा विदेशी खेलाडी अजायी मार्टिन कायोड म्यान अफ दि म्याच घोषित हुँदै १० हजार रुपैयाँ प्राप्त गरे ।

सोमबारकै दोस्रो खेलबाट ठडाराई समाज काठमाडौं सेमिफाइनल प्रवेशका लागि साविक विजेता एपीएफ क्लबसँग भिड्ने पक्का भएको छ । समाज कल्याण काठमाडौंसँग निर्धारित समयमा गोलरहित बराबरी भएपछि भएको टाइब्रेकरमा ठडाराईले ४-२ को जित निकाल्दै एपीएफसँगको भेट सुनिश्चित गरेको हो । टाइब्रेकरमा ठडाराईका आशिष चापागाईं, शिशिर लेखी, विदेशी खेलाडी देव र करिमले गोल गरे । समाज कल्याणका राम थामी र दीपेश गुरुङले गोल गरे भने निरोज परियार र पुष्कर खड्का गोल गर्न असफल भए ।

यसअघि एपीएफ क्लबले सुन्दरबजारलाई पराजित गर्दै क्वार्टरफाइनलमा आफ्नो स्थान सुरक्षित गरिसकेको छ । यो खेलमा ठडराइका गोल किपर टेकेन्द्र थापा म्यान अफ दि म्याच घोषित भए । उनले १० हजार रुपैयाँ पाए । आयोजक त्रिवेणी क्लबका अध्यक्ष टेकजङ गुरुङका अनुसार मंगलबार बिहान ९ बजे लाङ् दीदेवी नाल्मा र चित्लाङ फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ । तमू ल्होसारका कारण मंगलबार एक खेल मात्र हुने र साँझ 'त्रिवेणी साँझ' आयोजना गरिने आयोजकले जनाएको छ ।

# त्रिविको ५१ औं दीक्षान्त समारोह आज, पहिलो पटक नोबेल पुरस्कार बिजेता प्रमुख अतिथि

त्रिविको ५१ औं दीक्षान्त समारोह आज, पहिलो पटक नोबेल पुरस्कार बिजेता प्रमुख अतिथि

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको५१औंदीक्षान्तसमारोह बिहीबार हुँदैछ । विश्वविद्यालयको इतिहासमा पहिलोपटक आज नोबेल पुरस्कार विजेतालाई प्रमुख अतिथि बनाएर दीक्षान्त आयोजना गर्ने लागिएको विश्वविद्यालयका उपकुलपति प्रा डा. दीपक अर्यालले जानकारी दिए ।




समारोहमा नोबेल पुरस्कार विजेता जापानी प्राध्यापक ताकाआकी काजिता प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । टोकियो विश्वविद्यालयमा आबद्ध उनले सन् २०१५ को भौतिकशास्त्रतर्फ नोबेल पुरस्कार पाएका थिए ।

उपकुलपति प्रा डा अर्यालले दीक्षान्तका लागि सम्पूर्ण तयारी गरिएको बताए । मण्डप निर्माण, दीक्षित विद्यार्थी र अभिभावक बस्ने कुर्सीको व्यवस्थापनलगायत सबै काम सम्पन्न भएको उनले जानकारी दिए ।

यसपटक त्रिविका १६ हजार ३०० भन्दा बढी विद्यार्थी दीक्षित हुने जनाइएको छ । दीक्षान्त समारोहमा विद्यार्थी र अभिभावकसहित ४१ हजार व्यक्ति सहभागी हुने जनाइएको छ । विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसमेत गरी ८९ हजार १९१ विद्यार्थी उत्तीर्ण भएका छन् । यसमध्ये १६ हजार ३८० जना विद्यार्थीले दीक्षान्त समारोहमा सहभागिताका लागि निवेदन दिएका उपकुलपति प्रा डा.अर्यालले बताए ।

कार्यक्रममा विभिन्न संकाय तथा तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ११ जना छात्रा तथा १४ जना छात्रले पदकसमेत पाउने छन् । त्रिविबाट यसपटक मानविकीका १४ हजार ८५१, व्यवस्थापनबाट ४३ हजार ६१०, कानुनका दुई हजार ३३५ र शिक्षातर्फ १६ हजार ४६७ जना उत्तीर्ण भएका छन् ।

# काठमाडौं उपत्यकामा नयाँ ट्रायल सेन्टर खोल्ने प्रक्रिया स्थगित



काठमाडौं- काठमाडौं उपत्यकाभित्र नयाँ ट्रायल सेन्टर सञ्चालनका लागि अघि बढाइएको प्रक्रिया रोकिएको छ ।

यातायात व्यवस्था कार्यालय बालाजुले सेवा विस्तारको प्रक्रिया अगाडि बढाउँदै २६ मंसिर २०८२ मा शिलबन्दी प्रस्ताव आह्वान गरेको थियो । उक्त प्रस्ताव आह्वान सम्बन्धी प्रक्रियाको फारम खरिद कार्य यथावत राखिए पनि कानुन बमोजिमका सूचनाको बाँकी चरण अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ ।

कार्यालयले आज आइतबार प्रस्तावको चरणहरू स्थगनको सूचना निकालेर प्रक्रिया रोकेको हो । खुला प्रतिस्पर्धाबाट नयाँ ट्रायल सेन्टर सञ्चालनका लागि प्रस्ताव आह्वान गरिएकोमा प्रस्ताव फारम खरिद ११ पुसमा सम्पन्न भइसकेको र केही प्रस्ताव फारम दर्तासमेत भइसकेकोले मन्त्रीको स्थगन आदेश पत्रको आधारमा आज आइतबार प्रस्ताव फारम दर्ता गर्ने समय दिउँसो १ बजेसम्मको कार्यलाई यथावत राख्दै प्रक्रिया रोक्ने निर्णय कार्यालयले लिएको हो ।

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले ९ पुसमा कार्यालयलाई प्रक्रिया रोक्न ७ बुँदामा ठाडो निर्देशन दिएका थिए ।

बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र श्रम, रोजगार तथा यातायात मन्त्री थापाबीच यातायात कार्यालय बालाजुबाट ट्रायल सेन्टर सञ्चालनका लागि अनुमति दिने वा नदिने भन्ने विषयमा शक्ति संघर्ष चल्दै आएको थियो ।

मुख्यमन्त्रीको सचिवालय नयाँ ट्रायल सेन्टर सञ्चालनको पक्षमा लागेको हो भने मन्त्री थापा रोक्ने संघर्षमा थिए ।

मन्त्री थापाले प्रक्रियागत त्रुटि, प्रदेश सरकारमा सहभागी दुई राजनीतिक दलबीच भएको सहमतिका आधारमा प्रक्रिया रोक्नु परेको अनलाइनखबरसँग बताए ।

'संगठन पुनर्संरचनाका लागि उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समिति बनेको छ । त्यसले काम गरिरहेको छ। उक्त समितिको अन्तिम प्रतिवेदन प्राप्त नभएसम्मका लागि कुनै पनि नयाँ संरचना नथप्ने राजनीतिक सहमति रहेको थियो । त्यसैले रोकिएको हो,' उनले भने ।

गत ९ मंसिरमा बागमती प्रदेश यातायात क्षेत्र पुनरावलोकन तथा सुधार सुझाव समिति मन्त्रालयबाट मन्त्रिपरिषद्मा पेस भइसकेकाले सो समितिको सुझाव तथा सिफारिस प्राप्त भइनसकेकोले पनि यो रोक्नु परेको मन्त्री थापाको दाबी छ ।

'यसबाट प्रदेश सरकारलाई के कस्तो लाभ-हानि हुने एवं के-कति जनतालाई सहजता र असहजता हुने भन्ने विषयमा वस्तुनिष्ठ अध्ययन हुन जरुरी छ । त्यसपछि मात्रै सेवा विस्तार गर्न उपयुक्त देखिन्छ,' मन्त्री थापाले भने ।

१० माघ २०८० को प्रदेश मन्त्रिपरिषद्बाट यातायात मन्त्रालयको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भएको थियो । जसमा यातायात व्यवस्था सेवा कार्यालय, सानो भऱ्याङलाई यातायात व्यवस्था कार्यालय, बालाजु बनाइएको हो । यातायात व्यवस्था कार्यालय बनेपछि नयाँ ट्रायल सेन्टर सञ्चालनको प्रक्रियामा कार्यालय लागेको थियो ।

# इलामका सडक पुनर्निर्माणमा २ अर्ब १९ करोड स्रोत सहमति



काठमाडौं । गत १८ र १९ असोजको भारी वर्षाका कारण क्षति पुगेका इलामका सडक मर्मत तथा पुनर्निर्माणका लागि अर्थ मन्त्रालयले दुई अर्ब १९ करोड रुपैयाँ स्रोत सहमति दिएको छ ।

क्षतिग्रस्त सडक र पुल मर्मत तथा पुनर्निर्माणका लागि भौतिकपूर्वाधार तथा यातायात मन्त्रालयले पेश गरेका कार्यक्रममा अर्थ मन्त्रालयले स्रोत सहमति प्रदान गरेको हो ।

क्षति भएका मेची राजमार्ग, माईखोला पुल राजदुवाली, माइखोला पुल बेलवासे, पुवा खोला पुल, जोगमाई खोला पुल र मेची करिडोरको मर्मत तथा पुनर्निर्माणमा उक्त रकम खर्च गरिने छ ।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि तत्काल आवश्यक पर्ने ५४ करोड रुपैयाँ निकासा दिएको छ । स्रोत सहमति प्राप्त भएकाले अब सडक तथा पुल पुनर्निर्माणका लागि खरिद (टेन्डर) प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले विपद्बाट क्षतिग्रस्त सडकका संरचना मर्मत तथा पुनर्निर्माणका लागि स्रोत सुनिश्चित भएकाले टेन्डरको प्रक्रिया तत्काल अगाडि बढाउन सडक विभागलाई निर्देशन दिएका छन् ।

# श्रम संस्कृति पार्टी कसैसँग मिल्दैन : हर्क साम्पाङ

काठमाडौं- श्रम संस्कृति पार्टीका अध्यक्ष तथा धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले आफ्नो पार्टीले कसैसँग एकता नगर्ने स्पष्ट पारेका छन् । सामाजिक सञ्जालमार्फत भिडियो सन्देश दिँदै उनले आफ्नो पार्टीले मिसावटको राजनीति नगर्ने बताएका छन् । 'अहिले चुनावको माहोल छ । धेरैले धेरै खालका कुरा गरिरहेका छन् । जसलाई जोसँग मिल्नुछ, मिल्दा हुन्छ । श्रम संस्कृति पार्टी कोही कसैसँग मिल्दैन,' उनले भनेका छन्, 'श्रम संस्कृति पार्टीले मिसावट विनाको राजनीतिक गर्छ । यो देशको ढुंगाको, माटोको राजनीति गर्छ ।'



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन शाहबीच सातबुँदे सम्झौता भएको केही घण्टापछि उनको प्रतिक्रिया आएको हो । उनले आफ्नो पार्टीले स्वदेशी विचारको राजनीति गर्ने जिकिर गर्दै भनेका छन्, 'श्रम संस्कृति पार्टीले देशको स्वदेशी विचार, मौलिक पनको राजनीति गर्छ ।' उनले कसैसँग एकता गर्छ कि भनेर नअलमलिन कार्यकर्ता र शुभेच्छुकलाई आग्रह गरेका छन् । 'धेरैले यस्तोसँग मिल्छ कि उस्तोसँग मिल्छ कि भनेर अडकल गरिरहेका छन् ।

# राजनीतिमा बाह्य चुनौती बढिरहेको छ : योगेश भट्टराई

काठमाडौं- नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले राजनीतिमा बाह्य चुनौती बढिरहेको बताएका छन् ।

आन्तरिक एकता बलियो बनाएर चुनौतीको सामना गर्नुपर्ने उनले बताएका छन् ।

सामाजिक सञ्जालमार्फत प्रतिक्रिया जनाएका भट्टराईले भनेका छन्, 'बाह्य चुनौती बढिरहेको छ । जसको सामना गर्नैपर्छ, भागेर लुकेर हुनेवाला छैन । आन्तरिक एकता बलियो बनाऔं । राष्ट्र र जनतका एजेन्डा बोकौं ।'

उनले अगाडि बनेका छन्, ' विगतका कमजोरीप्रति आत्मालोचित होऔं । विनम्र बनौं । कार्यशैली सुधार गरौं ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन शाहबीच सातबुँदे सम्झौता भएको केही घण्टापछि एमाले उपमहासचिव भट्टराईको यस्तो प्रतिक्रिया आएको हो ।

उनको फेसबुक स्टाटसमाथि कमेन्ट गर्नेहरूले भट्टराईको प्रतिक्रिया सातबुँदे सम्झौताप्रति नै लक्षित रहेको जनाएका छन् ।

आगामी निर्वाचनमा सहकार्य गर्ने सहमति भएसँगै नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले राजनीतिमा बाह्य चुनौति थपिएको बताउनुभएको छ ।

# कैलालीका दुई क्षेत्रबाट भीम रावलको नाम सिफारिस

धनगढी । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नेता डा. भीम रावलको कैलालीका दुई वटा क्षेत्रबाट सिफारिस गरिएको छ ।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि कैलाली निर्वाचन क्षेत्र नम्बर २ र ५ बाट नेता रावलको नाम सिफारिस गरिएको उक्त पार्टीले जनाएको छ ।

नेता कृष्ण राज सुबेदीको अध्यक्षमा बसेको जिल्ला कार्यदलको बैठकले आकांक्षी नेताहरूको नाम केन्द्रमा सिफारिस गरेको हो । नेकपाले रावललाई यसअघि अछाम क्षेत्र नम्बर १ बाट पनि सिफारिस गरिसकेको छ । कैलाली- ५ बाट पूर्वमुख्यमन्त्री त्रिलोचन भट्ट र विघटित प्रतिनिधिसभा सदस्य भानुभक्त जोशीको नाम पनि सिफारिस गरिएको छ ।

उनीहरूमध्ये जोशीको बझाङ र भट्टको डोटीबाट समेत नाम सिफारिस गरिएको छ ।



पाँच वटा निर्वाचन क्षेत्र रहेको कैलालीका सबै क्षेत्रबाट आकांक्षीको नाम केन्द्रमा पठाइएको छ । क्षेत्र नम्बर १ बाट हरि ज्ञवाली, भैरव रावल, सुरेन्द्र देउकर, प्रेम साउद बालकृष्ण चौधरी,ललित थापा युवामा तपेन्द्र शाह र महिलामा सरस्वती शाहको नाम सिफारिस गरिएको छ ।

क्षेत्र नम्बर २ बाट नेता रावलसहित लाल बहादुर सोडारी, कर्ण प्रसाद जैशी, नन्द बहादुर साउद,युवामा शिवराज सञ्जाल र महिलामा बसन्ती डगौरा, क्षेत्र नम्बर ३ बाट विरभान चौधरी, लाजुराम चौधरी, प्रकाश मिश्र, विपिन आचार्य, कमल प्रसाद चौधरी, महिलामा विनीता चौधरी र युवामा वीरेन्द्र जिसीको नाम सिफारिस गरिएको नेकपाले जनाएको छ ।

क्षेत्र नम्बर ४ बाट हरिराम चौधरी उत्सव, दीर्घ सोडारी, उद्धव भट्टराई, कृष्णराज सुबेदी, मीनराज बडू, लक्ष्मण कुवर, लक्षीराम आचार्य, युवामा बमबहादुर विक र महिलामा चुनकुमारी चौधरीको नाम सिफारिस भएको छ ।

कैलाली क्षेत्र नम्बर ५ बाट नेता डा. भीम रावल, भानुभक्त जोशी, त्रिलोचन भट्ट, नरबहादुर शाह, ओमप्रकाश पुन, प्रेम बिसी, सुरेन्द्र यादव, डिएल भण्डारी, महिलामा सुशीला बुढाथोकी लक्ष्मी चौधरी विनाडी र युवामा मनोज पुन मगरको नाम सिफारिस गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २२,
२०८२ साल पुस १५ गते मंगलबार
30 DECEMBER 2025, TUESDAY

# ढोरपाटन आरक्षले दियो वन्यजन्तु पीडितलाई ३८ लाख राहत



ढोरपाटन (बागलुङ)- वन्यजन्तु पीडित किसानलाई ढोरपाटन सिकार आरक्षले पछिल्लो तीन वर्षमा ३८ लाख ६२ हजार राहत उपलब्ध गराएको छ ।

सिकार आरक्षले बागलुङ, म्याग्दी र पर्वतका पीडित किसानलाई राहत उपलब्ध गराएको हो । वन्यजन्तुको आक्रमणबाट घर पालुवा घोडा, खच्चड, भेडाबाखा र गाईभैंसीलाई मार्ने हुँदा किसानले लाखौं मूल्य बराबरको नोक्सानी व्यहोर्दै आएका छन् ।

सिकार आरक्षले आर्थिक वर्ष २०७९/८० मा २४ लाख ९२ हजार, २०८०/८१ मा १२ लाख र २०८१/०८२ मा रु एक लाख ७० हजार किसानलाई राहत उपलब्ध गराएको हो । चालु आवमा भने उपलब्ध नगराएको ढोरपाटन सिकार आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिए ।

'सिकार आरक्ष क्षेत्र आसपासमा किसानहरुले ठूलो सङ्ख्यामा बस्तुभाउ पाल्दै आउनुभएको छ, हरेक वर्ष वन्यजन्तुले बस्तुभाउलाई आक्रमण गरेर घाइते बनाउने, मार्ने हुँदा किसानले क्षति व्यहोर्नं पर्ने हुँदा सिकार आरक्षले थोरै भए पनि राहत उपलब्ध गराउँदै आएको छ', रेन्जर सुवेदीले भने ।

आहारको खोजीमा भौतारिने वन्यजन्तुले बर्सेनि पशुचौपायामा क्षति पुऱ्याउने गरेको छ । वन्यजन्तुले बारीमा लगाएको बालीसमेत नष्ट गर्ने गरेको छ । तर, सिकार आरक्षले बाली क्षतिको राहत भने किसानलाई दिने गरेको छैन ।

हरेक वर्ष वन्यजन्तुबाट हजारौंको आलु, सिमीलगायतका बाली नष्ट गर्ने गरेको ढोरपाटन नगरपालिका-९ का स्थानीय तमबहादुर सुनारले बताए । बँदेल, बाँदर, चितुवालगायतका वन्यजन्तुले भेडाबाखा खाने र बारीमा लगाएको बाली नष्ट गर्ने गरेको उनले बताए ।

निसीखोला गाउँपालिका-५ निसेलढोरका तीर्थबहादुर घर्ती मगरले सिकार आरक्षले बाली क्षतिको पनि राहत उपलब्ध गराउनुपर्ने बताए ।

## अन्तराष्ट्रिय

### उत्कृष्ट र शानदार : जेलेन्स्की




काठमाडौं- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले फ्लोरिडामा भएको भेटवार्तालाई 'उत्कृष्टु र ' शानदार भनेका छन् ।

जेलेन्स्कीका अनुसार २० बुँदे शान्ति योजनामा करिब ९० प्रतिशत सहमति भइसकेको छ । ट्रम्पले युक्रेनका लागि सुरक्षा ग्यारेन्टीको विषय पनि करिब ९५ प्रतिशतसम्म टुंगिएको बताएका छन् ।

तर अमेरिकी राष्ट्रपतिले 'एक-दुई अत्यन्तै जटिल विषयु अझै बाँकी रहेको पनि बताएका छन् । उनका अनुसार जमिन (भ"-भाग) सम्बन्धी प्रश्न सबैभन्दा कठिन बनेको छ । ट्रम्पले डोनबासमा फ्री-ट्रेड जोन स्थापना गर्ने विषयमा भने अहिलेसम्म सहमति हुन नसकेको बताए ।

प्रेस कन्फरेन्सका क्रममा एक पत्रकारले युक्रेनको पुनर्निर्माणमा रुसको पनि कुनै जिम्मेवारी हुन्छ कि हुँदैन भनेर प्रश्न गरेका थिए । यसको जवाफमा ट्रम्पले रुसले यसमा सहयोग गर्ने बताए । उनले भने, 'रुस चाहन्छ कि युक्रेन सफल होस् । ट्रम्पका अनुसार युक्रेनको सफलता हेर्ने चाहनामा पुटिन निकै उदार देखिएका छन् । उनले यसमा 'धेरै सस्तो म"ल्यमा ऊर्जा, बिजुली र अन्य वस्तुको आपुर्तिु पनि समावेश रहेको बताए ।

यद्यपि ट्रम्पले पुटिन युद्धविराममा सहमत नहुनुको कारण पनि उल्लेख गरे । उनका अनुसार पुटिन लडाइँ रोकेर पछि फेरि सुरु गर्न चाहँदैनन् ।

युद्ध कहिलेसम्म समाप्त होला भन्ने प्रश्नमा ट्रम्पले यो 'केही हप्ताभित्रु हुन पनि सक्ने र नहुन पनि सक्ने बताए । उनले भने, 'केही हप्तामा हामीलाई थाहा हुनेछ कि यो एक दिशातिर अघि बढ्छ कि अर्कोतिर ।

# बगरमा लगाइएको सखरखण्डबाट मनग्य आम्दानी

जानकी (बाँके) । रामपति थारु बिहान ४ बजे उठेर घरको काम सबै सक्काएर बगरमा सखरखण्ड खन्न पुग्छन् । बाकेको राप्ती सोनारी गाउँपालिका-६ डाँडाटपरीका थारुको हिजोआज दैनिकी राप्ती नदीको बगरमाथिको चिसो बालुवामा फलाइएको सखरखण्ड खन्नमै बित्ने गरेको छ ।

पुसको चिसो बिहान, कुहिरो र सिरेटोबीच रामपति दैनिक जीवनको जिम्मेवारी बोकेर बगरमा आइपुग्छन् । छोराछोरीलाई खाना खुवाएर बिहान ८ बजेसम्म उनी सखरखण्ड खन्ने ठाउँमा पुग्छन् । बिहानदेखि बेलुकासम्म कठोर श्रम गरेर उनी दैनिक ६०० रुपैयाँ कमाउँछन् ।

'दिनभरिको कमाइले घर व्यवहार चलाउन सकेको छु', उनले भने । गाउँकै व्यक्तिले बगरमा सखरखण्ड लगाएका थारुले बताए । सखरखण्ड बालुवाबाट केलाएर झेउवामा हाल्ने र बिक्रीका लागि थुप्रो बनाउने काम रामपतिले दिनहुँ गर्छन् ।

रामपति जस्तै सोही पालिका वडा नम्बर ६ मेहमानपुरका वीरबहादुर थारुको पनि यही दैनिकी बनेको छ । उनी पनि राप्ती नदीको बगरमाथिको बालुवामा लगाइएको सखरखण्ड खन्न दिनहुँ आइपुग्छन् । दैनिक करिब १० घण्टा काम गरेर उनले पनि रामपतिले जस्तै ६०० कमाउँछन् ।

'घरमा पनि गर्ने खेती नै हो । अहिले खेतीको सिजन छैन । गाउँकै साथीले लगाएको हुनाले खाली समय काम गरेर कमाउन आएको हुँ', उनले भने, 'दैनिकी ज्याला थोरै भयो । तर खाली बस्नुभन्दा त यही पनि ठूलो कुरो हो ।'

जाडो याममा धेरै व्यक्ति आगो तापेर घरभित्रै बस्न चाहन्छन् । तर डाँडाटपरीका नन्कु गदिया भने बिहानै सखरखण्ड खन्न बगरतर्फ लाग्छन् । उनी पनि रामपति र वीरबहादुर जस्तै दैनिक ज्यालामा काम गरेर परिवारको गुजारा चलाउँदै आएकाछन् । सखरखण्ड खनेर कमाएको पैसाले परिवार र घर खर्च जोहो गर्न सहज भएको उनी बताउँछन् । 'यो समय यसै पनि किसानहरू खाली बस्ने समय हो । तर यो समयमा सखरखण्ड खनेर भए पनि पैसा कमाउन पाएको छु', उनले भने, 'यसले मेरो घर खर्च चल्न सजिलो बनाएको छ ।'

बिहानको चिसो सिरेटोसँगै रामपति, वीरबहादुर र नन्कु जस्तै अन्य कामदार पनि सखरखण्ड खन्न राप्ती नदीको बगरमा आइपुग्छन् । यही बगरमा डाँडाटपरीका ४५ वर्षीय फत्तेसिंह थारुले विगत ९ वर्षदेखि करिब २५ कट्ठा क्षेत्रफल जग्गा भाडामा लिएर सखरखण्ड खेती गर्दै आएका छन् ।

'मैले २०७४ सालमा बगरमाथिको यो जग्गा भाडामा लिएर सकरखण्ड खेती गर्दै आएको छु', उनले भने, 'सुरुआती वर्षहरूमा नदीले डुबान पारेर बगरमा लगाएको सखरखण्ड सबै डुबाइदियो । त्यतिबेला मलाई लगभग ६०-७० हजार रुपैयाँ जति घाटा लागेको थियो ।'

**कान्छाराम कन्स्ट्रक्सन...**

यसैगरी रौतामाई गाउँपालिका उदयपुरको सिफारिसमा सिङ्दान सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रालि धनुषा र विशाल निर्माण सेवा सिन्धुपाल्चोक एक-एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

सिङ्दान सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रालिका मुख्य व्यक्ति रमेश कुमार सिङ्दान हुन् भने विशाल निर्माण सेवाका मुख्य व्यक्ति श्याम कुमार गलान हुन् ।

**लेखकको आग्रह...**

छानबिनले वर्तमान मात्र होइन, भविष्यका आन्दोलन र राज्यको भूमिकालाई समेत स्पष्ट दिशानिर्देश दिने विश्वास व्यक्त गर्दै आयोगलाई सफलताको शुभकामना पनि दिए ।

**सर्वोच्च अदालत...**

अन्तरिम आदेशको माग गरिएको थियो । यसअघि यो रिटमा मंसिर २५ गते र पुस ३ गते निर्णय सुनाउने गरी पेसी राखिएको थियो । तर निर्णय सुनाउने मिति सरेको हो ।

**प्रधानमन्त्रीको उम्मेदवार...**

गर्दै, २०८२ साल भदौ २३ र २४ को जेन(जी) आन्दोलन लगायत विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुका शहीद एवं घाइतेहरुको बलिदानलाई प्रेरणादायी स्मृतिमा राख्दै समान अठोट बोकेका शक्तिहरूको सहकार्य मार्फत राष्ट्रसेवाको साझा लक्ष्य हासिल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (पहिलो पक्ष) र श्री बालेन्द्र शाह (दोश्रो पक्ष) बीच देहायका सहमति भएको छ ।

१.नवयुवाहरुले भ्रष्टाचार र कुशासन विरुद्ध गरेको आन्दोलनको अपनत्व लिंई घाईते तथा शहिद परिवारका मागहरुको यथोचित सम्बोधन गर्ने प्रतिवद्धता जनाउने,

२. समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरूका लागि गरिनु पर्ने गहिरा नीतिगत, संस्थागत एवं संरचनात्मक सुधारहरु मार्फतआर्थिक(सामाजिक) उन्नयन र सुसंस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमान्दार कार्यान्वयनप्रति समर्पित हुने,

३.पहिलो पक्ष र दोश्रो पक्षबीच बृहत् एकता भए पश्चात् स्थापित हुने राजनीतिक दलको नाम "राष्ट्रिय स्वतन्त्र पार्टीू, दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति, दलको चुनाव चिन्ह घण्टी र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने,

४.राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने,

५.बृहत् एकता पश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवं अनुभवी विज्ञहरुलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने,


६.यस सम्झौता बमोजिम राष्ट्रिय स्वतन्त्र पार्टी सम्बन्धी दस्तावेज निर्वाचन आयोगमा अद्यावधिक गर्ने,

७. राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह घण्टीु मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्धा अघि बढाउन अन्य सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरुलाई आव्हान गर्ने ।

**प्रत्यक्षमै लड्छु**

पोल बनाएर मत मागेकी थिइन् । सो क्रममा ९२ प्रतिशतले नै प्रत्यक्ष लड्न सुझाव आएकाले आफू समानुपातिकमा इच्छुक नभएको उनले बालेनसमक्ष बताइन् ।

'भोटिङ पोल राखेको थिएँ । धेरैले ९२ प्रतिशतले प्रत्यक्षमा नै उठ्दा ठिक हुन्छ भन्नुभयो,' तामाङले भनिन्, 'अहिले सल्लाह पनि प्रत्यक्षमा नै लड्ने भन्ने भएको छ । तर, कहाँबाट उठ्ने भन्ने चाहीँ फिक्स भइसकेको छैन ।'



# गायक भुपु लिम्बुको नयाँ गीत 'धानको बाला'को म्युजिक भिडियो सार्वजनिक

## नेपाली माटो र संस्कृति झल्काउने उत्कृष्ट प्रस्तुति

काठमाडौं- गायक भुपु लिम्बुको नयाँ गीत 'धानको बाला'को म्युजिक भिडियो सार्वजनिक भएको छ । यो गीत नेपाली माटो र संस्कृति, साथै गहिरो मानवीय संवेदनालाई प्रस्तुत गर्दै मौलिक स्वाद र भावनात्मक अनुभूति दिएको छ ।

गीतका शब्द डीपी खनालले लेखेका छन् भने संगीत संयोजन, एरेन्ज र मिक्सिङ बादल लिम्बुले गरेका छन् । रेकर्डिङ मुन्धुम स्टुडियोमा गरिएको हो । यो गीतले नेपाली गाउँको जीवन र सम्बन्धलाई कला र संगीतको माध्यमबाट प्रस्तुत गरेको छ ।

म्युजिक भिडियोलाई गायक भुपु लिम्बु र प्रतिना राईको अभिनयले समृद्ध बनाएको छ । भिडियोको छायांकन अरुण न्यौपानेले गरेका छन् र सम्पादन अनिल रानाले सम्हालेका छन् ।




'धानको बाला' गीतले ग्रामीण जीवनका सुगन्ध, प्रेम र संवेदनालाई कलात्मक तरिकामा उजागर गरेको छ । यस गीतको म्युजिक भिडियो गायक लिम्बुको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । गीतप्रेमीहरूलाई यस गीतले नयाँ र अनौठो अनुभव दिने अपेक्षा गरिएको छ । यो गीतले नेपाली संगीतको मौलिकता र सांस्कृतिक पहिचानलाई अझ स्पष्ट र बलियो बनाउन मद्दत गर्नेछ ।

# तिला लेकालीको गजलसंग्रह 'आगोको रङ' सार्वजनिक, चार स्रष्टा पुरस्कृत

काठमाडौं- साहित्यकार तिला लेकालीको गजलसंग्रह 'आगोको रङ' लोकार्पण तथा प्रगतिशील लेखक संघ (प्रलेस) ले पुरस्कार समर्पण गरेको छ ।

प्रगतिशील लेखक संघका सल्लाहकार तथा कार्यक्रमका प्रमुख अतिथि रघुजी पन्त, जगत उपाध्याय प्रेक्षित लगायतले 'आगोको रङ' गजलसंग्रहको लोकार्पण गरेका हुन् ।

त्यस्तै कर्ण दयाल सोराडीको मुक्तकसंग्रह 'उथलपुथल' र बिन्दु दाहालको 'आमा' स्मृति काव्य पनि लोकार्पण गरिएको हो । सहित्यकार हरि सिलुवालले लोकार्पित कृति आगोको रङको समीक्षात्मक टिप्पणी गरेका थिए । उक्त कार्यक्रममा प्रलेसको स्मारिका 'प्रलेस(३१)' अंक पनि लोकार्पण गरिएको छ ।

प्रलेस अध्यक्ष देवी क्षेत्री दुलालको अध्यक्षता र महासचिव झपिन्द्र ढकाल (पारस) को सञ्चालनमा भएको कार्यक्रममा प्रलेसका पूर्व अध्यक्ष, सल्लाहकार तथा सम्मानित स्रष्टाहरूले मन्तव्य राखेका थिए ।

प्रगतिशील लेखक संघ नेपाल (प्रलेस) ले विभिन्न साहित्यिक पुरस्कार अर्पिएको छ । प्रगतिशील




साहित्य, संस्कृति र विचारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने स्रष्टाहरूलाई सम्मान अर्पिएको हो ।

कार्यक्रममा प्रलेस श्यामप्रसाद स्मृति पुरस्कार(२०८२) ईश्वरचन्द्र ज्ञवाली, प्रलेस प्रतिभा पुरस्कार(२०८२) अनिल शर्मा विरही, प्रलेस बालसाहित्य पुरस्कार(२०८२) बालसाहित्यकार सुशिला प्रधानाङ्ग र प्रलेस युवा पुरस्कार (२०८२) रूपक अलङ्कारलाई अर्पिएको हो ।

प्रगतिशील लेखक संघका सल्लाहकार तथा कार्यक्रमका प्रमुख अतिथि रघुजी पन्तले लेखकहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्ष र विकृति, विसंगति र अव्यवस्थाको विपक्षमा कलम चलाउन आग्रह गरेका थिए ।

प्रगतिशील लेखक संघका अध्यक्ष डा. देवी दुलालको अध्यक्षता, पूर्व शिक्षा मन्त्री तथा प्रगतिशील लेखक संघका सल्लाहकार रघुजी पन्तको प्रमुख आतिथ्य र पारस ढकालको सञ्चालनमा कार्यक्रम भएको हो ।

काठमाडौं स्थित पिके क्याम्पसमा आयोजित कार्यक्रममा प्राडा जिवेन्द्रदेव गिरी, मातृका पोखरेल, प्राडा देवी नेपाल, शान्ता मानवी, नर्वेदेश्वरी सत्याल, डा. बमबहादुर थापा जिताली, जगत उपाध्याय प्रेक्षित, विन्दु दाहाल मुकदर्शक, मिरा काफ्ले, रमेश निरौला, उमा सिजापति, ललिता दोषी, सृजना सरोवर, बोधकुमार घिमिरे, प्रकाश राई, अजित अधिकारी, कुमार दाहाल, शोभा दाहाल, अमृता शर्मा, दुर्गा परियार लगायतको उपस्थिति रहेको थियो ।

# 'एक्लो'को कलेज केन्द्रित प्रचारः विद्यार्थीसँग फिल्मबारे संवाद



नेपाली फिल्मका लागि साइन्स फिक्सन विधा नयाँ हो । हलिउड र बलिउडमा यो विधामा थुप्रै फिल्म बनिसकेका भए पनि नेपालमा पहिलो पटक विज्ञान र प्रविधिमा आधारित रहेर फिल्म 'एक्लो-१' बनेको छ । दुई साताअघि सार्वजनिक भएको ट्रेलर हेर्दा फिल्ममा वैज्ञानिक आविष्कार, अन्तरिक्ष यात्रा, र भविष्यका सम्भावनाजस्ता विषयहरू समावेश गरिएको देखिन्छ । यो फिल्मको विषयवस्तु अनुसार यसको लक्षित दर्शक मुख्यतः युवापुस्ता हुन् । यसैले फिल्मको निर्माण समूहले पनि सोही अनुसार प्रचार अभियान सञ्चालन गरिरहेको छ । केही दिनयता फिल्मका कलाकारदेखि निर्देशकसम्म काठमाडौंका विभिन्न कलेजहरूमा पुगेर 'जेनजी पुस्ता'का विद्यार्थीहरूलाई फिल्मबारे जानकारी दिइरहेका छन् ।

केही दिनअघि फिल्मको टिम काठमाडौँको मन्डीकाटारमा रहेको 'गेट कलेज' पुगेको थियो । त्यहाँ टुरिजम र हस्पिटालिटी विषयमा अध्ययन गरिरहेका विद्यार्थीहरूसँग फिल्मका कलाकारहरू प्रदीप खड्का, कविता नेपाली र निर्देशक प्रदीप शाहीले साक्षात्कार गरे । मंगलबार ललितपुरस्थित चौधरी ग्रुप अन्तर्गतको 'च्यापियन कलेज'मा पनि पुगेर फिल्मको टिमले प्रचार गऱ्यो ।

आगामी साता अर्थात् १७ पुषबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा प्रदीप र कवितासहित विजय लामा, सुनील थापा, दीया पुन, बेनिशा हमाल, दिनेश डीसी, सुरजसिंह ठकुरी, बेलायती अभिनेता जेमी बेकन लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । एनआरएन समूहको लगानी रहेको फिल्मको निर्मातामा प्रदीप खड्का पनि छन् ।

# 'जिरो डिग्री'बाट 'एक्टर : टेक वन'का निर्देशकले अभिनयमा डेब्यु गर्दै




अभिनयमा स्थापित कलाकारहरू निर्देशक बनेका उदाहरण विश्वमा धेरै छन् । तर, निर्देशकहरू भने विरलै अभिनयमा उत्रिएका छन् । अब यस दुर्लभ सूचीमा निर्देशक राजन भुसाल थपिने भएका छन् । गत वर्ष प्रदर्शन भएको फिल्म 'एक्टर : टेक वन'बाट निर्देशकीय यात्रा सुरु गरेका उनले नयाँ फिल्म 'जिरो डिग्री'मार्फत अभिनयमा डेब्यु गर्न लागेका हुन् ।

भुसाल यस फिल्मका कथाकार समेत हुन् । 'जिरो डिग्री'को निर्देशन भने सजन काफ्ले र आकाश बरालले संयुक्त रूपमा गर्दैछन् । उनीहरूले यसअघि फिल्म 'बेहुली फ्रम मेघौली' निर्देशन गरेर चर्चा कमाइसकेका छन् । दुवैको यो डेब्यु निर्देशकीय फिल्म थियो । आकाशले राजनलाई 'एक्टर : टेक वन'को लेखनमा समेत सघाएका थिए ।

मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मको पटकथा तथा संवाद निर्देशकद्वय काफ्ले र बरालले तयार पारेका छन् । यसको कथावस्तु सडक नपुगेको एक दुर्गम गाउँमा केन्द्रित छ, जहाँ आमाबुवाको निधन भएपछि विदेशमा रहेका छोराछोरी नआइपुग्दासम्म शव सुरक्षित राख्न डीप फ्रिज बोकेर गाउँ भित्र्याएपछि सिर्जना हुने घटनाक्रमलाई प्रस्तुत गरिएको छ । आगामी वर्ष प्रदर्शनमा ल्याउने तयारी गरिएको फिल्ममा मोती कार्की कार्यकारी निर्माताको रूपमा छन् । निशाल पौडेलले छायाङ्कन गर्ने फिल्मका गीतमा अङ्कित बाबु अधिकारीले सङ्गीत भर्नेछन् भने चर्चित गीत 'काफ्ले'का रचनाकार युवराज काफ्लेले गीत लेख्नेछन् । यस फिल्ममा कीर्तिमानी अभिनेता विजय बरालको मुख्य भूमिका रहनेछ ।

# 'कुमारी'को प्रवर्द्धनमा केहरले सघाउने, ६ सहरमा कन्सर्ट गरिँदै




प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'कुमारी'को प्रवर्द्धनमा गायक केहर सिंह लिम्बूले सघाउने भएका छन् । फिल्मबारे दर्शकमाझ जानकारी पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको सांगीतिक टूरमा केहर र उनको ब्यान्डले प्रस्तुति दिन लागेको हो । 'कुमारी लाइभ म्युजिकल कन्सर्ट' नाम दिइएको यो टूर ६ वटा सहरमा हुनेछ ।

आगामी माघ १ गतेदेखि २३ गतेसम्म दाङ, पोखरा, काठमाडौं, नेपालगन्ज, चितवन र धरानमा कन्सर्ट हुने जनाइएको छ । सबै कन्सर्टमा केहर र उनको ब्यान्ड 'केहर एन्ड द लुङा'ले आफ्नो लाइभ प्रस्तुति दिनेछ । फिल्मका गीतहरू दर्शकमाझ लोकप्रिय बनिरहेका बेला कन्सर्टले फिल्मप्रति अझ उत्साह बढाउने अपेक्षा गरिएको छ ।

केहर 'कुमारी'का पार्श्व गायक समेत हुन् । उनले गाएका 'कता छौ मेरो फूल' र 'तिमी बिना' दर्शकमाझ लोकप्रिय बनेका छन् । अब कन्सर्ट सुरु हुनुअघि फिल्ममा समावेश लोक लयमा आधारित अर्को गीत सार्वजनिक गर्ने तयारीमा निर्माण समूह छ । यो गीतमा पनि केहर स्वयंको स्वर रहेको छ । यही फिल्मबाट उनले पार्श्व गायनमा डेब्यु गरेका हुन् ।

'आइ एम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता रोमान्टिक फिल्ममार्फत दर्शकमाझ चिनिएका दिनेश राउतले 'कुमारी'को निर्देशन गरेका हुन् । यसमा आकृति राजभण्डारी, अबिषेक खड्का, घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सरोज लामिछाने लगायतको अभिनय रहेको छ । महेन्द्र अधिकारी निर्माता रहेको फिल्ममा विकास सुवेदीको लेखन छ ।

### 'मिरमिरे'को शीर्ष गीतमा दयाहाङ, प्रकाश र सिर्जनाको नृत्य


आगामी माघ १ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'मिरमिरे'को शीर्ष गीत ' मिरमिरे भो' सार्वजनिक गरिएको छ । लोक लयमा आधारित यस गीतमा प्रकाश सपूत र मेलिना राईको स्वर रहेको छ भने शब्द तथा संगीत प्रकाश स्वयंको हो । गीतमा युवायुवतीबीचको प्रेम, आकर्षण र आपसी प्रशंसालाई रमाइलो शैलीमा प्रस्तुत गरिएको छ । अभी लामाको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङलेखुलाई देख्न सकिन्छ । भिडियोमा प्रकाश र सिर्जनाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् भने दयाहाङलाई नृत्यमा खासै जोड दिइएको छैन । गीतले फिल्ममा त्रिकोणात्मक प्रेमकथाको संकेत गरेको छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको फिल्ममा दयाहाङ, प्रकाश र सिर्जनासहित माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल लगायतको पनि अभिनय रहेको छ ।

# 'गोबर गणेश'को शीर्ष गीत : बल्छी धुर्बेको दिमाग एआईभन्दा फास्ट

चर्चित हास्य कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)को डेब्यु निर्देशकीय फिल्म 'गोबर गणेश'को शीर्ष गीत सार्वजनिक गरिएको छ । रमाइलो शैलीमा तयार पारिएको यस गीतमा निर्देशक श्रेष्ठ स्वयंको स्वर रहेको छ भने शब्द तथा संगीत बाबुल गिरीको हो । सबै काममा अब्बल पात्र पढाइमा भने कमजोर रहेको कुरालाई गीतमा रोचक ढंगले प्रस्तुत गरिएको छ ।

गम्भीर विष्टको कोरियोग्राफी रहेको गीतको भिडियोमा मरिचमानसँगै वर्षा सिवाकोटी, निर्मल शर्मा, पदम तामाङ, पुजन घिमिरे (पुकु) लगायत कलाकारलाई देख्न सकिन्छ । भिडियोका केही दृश्यमा मरिचमान सुटबुटमा ठाँटिएर प्रस्तुत भएका छन् भने केहीमा उनी विद्यालयको पोशाकमा देखिएका छन् । गीतले फिल्ममा उनको पात्र



पढाइमा कमजोर रहेको खुलासा गर्छ । आगामी माघ १ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा विनोद न्यौपाने, लक्ष्मीनाथ तिमल्सिना, सन्तोष बानियाँ, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, बुद्धि तामाङ लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । बल्छी धुर्बे फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा शिवराम श्रेष्ठको डीओपी तथा विपिन मल्लको सम्पादन रहेको छ ।

निर्देशक श्रेष्ठले आफूले दर्शक हँसाउनका लागि फिल्म बनाएको बताएका छन् । उनले भनेका छन्, 'यसभित्र मेरो अनगिन्ती सपना, पसिना र मौन प्रार्थना मिसिएको छ । हामीलाई सानो पर्दामा जसरी दर्शकले साथ र माया दिनुभयो, त्यस्तै माया र साथ ठूलो पर्दाका दर्शकले पनि दिनुहुन्छ भन्ने पूर्ण विश्वास छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २२,
२०८२ साल पुस १५ गते मंगलबार
30 DECEMBER 2025, TUESDAY

# पायोनियर मोटो कर्पले सार्वजनिके ‘जीकर एक्स नाउ ओरनेभर’ अफर

काठमाडौं- नेपालमा जीकर सवारी साधनको आधिकारिक वितरक पायोनियर मोटो कर्प प्रा. लि.ले लक्जरी इलेक्ट्रिक मोबिलिटीलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यसहित जीकर एक्स नाउ ओर नेभरु अफर सार्वजनिक गरेको छ ।




क्रिसमस तथा नयाँ वर्षलाई लक्षित गर्दै ल्याइएको यो विशेष प्रिमियम अफरले नेपालकै सबैभन्दा अत्याधुनिक पूर्ण-इलेक्ट्रिक प्रिमियम एसयुभी लिन चाहने ग्राहकहरूका लागि आकर्षक अवसर प्रदान गर्ने भएको छ ।

देश दिगो र लक्जरी मोबिलिटीतर्फ अघि बढ्दै गर्दा, पायोनियर मोटो कर्पले सीमित अवधिका लागि आकर्षक मूल्य लाभसहित यो उत्सव अफर प्रस्तुत गरेकोहो । यस अफर अन्तर्गत यो प्रिमियम लक्जरी इलेक्ट्रिक एसयुभी अब नियमित मूल्य ८४ लाख ९९ हजार रूपैयाँबाट घटेर विशेष फेस्टिभ मूल्य ६४ लाख ९९ हजार रूपैयाँमा उपलब्ध रहने छ ।

यसले भोल्भोइएक्स ३० सँग साझा गरिएको अत्याधुनिक गिली एसइए२ प्लेटफर्ममा निर्माण गरिएको सवारी साधन आफ्नो बनाउने आकर्षक अवसर प्रदान गर्दछ । गिलीको नवीनतम प्रविधि र नवप्रवर्तनमा आधारित जीकर एक्सले २०० किलोवाटक्षमताको उच्च प्रदर्शन मोटरमार्फत ३४३ नुतनमिटर टर्क उत्पादन गर्छ र केवल ५.६ सेकेन्डमै ०-१०० किलोमिटर प्रति घण्टाको गति हासिल गर्ने क्षमता राख्छ ।

स्वीडेनको गोथेनबर्गस्थित जीकर ग्लोबल डिजाइन सेन्टरमा डिजाइन गरिएको जीकर एक्सले मिनिमलिस्ट डिजाइन, फ्रेमलेस ढोका र १४.६ इन्चको स्लाइड हुनेकेन्द्रीय स्क्रिनसहितको लक्जरी इन्टेरियर प्रस्तुत गर्छ ।

१३ स्पिकरको यामाहासराउण्ड साउण्ड सिस्टमले यसको प्रिमियम अनुभवलाई अझ उचाइमा पुऱ्याउँछ । सुरक्षालाई पनि जीकर एक्समा उच्च प्राथमिकता दिइएको छ, जसले युरोएनसिएपी र ग्लोबल एनसीएपी दुवैबाट ५ स्टार सुरक्षा रेटिङ प्राप्त गरेको छ ।

७ वटा एयरब्याग र लेभल-२ एडभान्स्ड ड्राइभर असिस्टेन्स सिस्टम (एडिएएस) सहित यो एसयुभी सुरक्षा दृष्टिले पनि अग्रणी छ । नेपाली सडक अवस्थालाई ध्यानमा राखी डिजाइन गरिएको जीकर एक्समा १९१ मिलिमिटर ग्राउन्ड क्लियरेन्स र ६६ किलोवाट आओर क्षमताको बलियो ब्याट्री दिइएको छ जसले डब्लुएलटिपी मापदण्ड अनुसार ४४० किलोमिटर सम्मकोरेन्ज प्रदान गर्छ । पायोनियर मोटो कर्पद्वारा प्रस्तुत यो सीमित अवधिको उत्सवअफर समझदार ग्राहकहरूका लागि विश्वस्तरीय इलेक्ट्रिक मोबिलिटी आकर्षकमूल्यमा अनुभव गर्ने नाउ ओर नेभरु अवसर हो ।

# पारामाउन्ट मोटर्सको ‘इलेक्ट्रिफाइड न्यू इयर २०२६’ एक्सचेन्ज योजना सार्वजनिक

काठमाडौं । एमजी तथा आइएम मोटर्सका लागि नेपालका आधिकारिक आयातकर्ता तथा वितरक पारामाउन्ट मोटर्स प्रालिले नयाँ वर्ष २०२६ को अवसरमा इलेक्ट्रिफाइङ न्यू इयर २०२६ एक्सचेन्ज योजना सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत एमजी र आइएमका इलेक्ट्रिक सवारी साधन खरिद गर्ने ग्राहकले आकर्षक सुविधा र लाभ लिन सक्नेछन् । सीमित अवधिको यस एक्सचेन्ज अफरमा पुरानो सवारीसाधन साट्दा ग्राहकले चार लाख रूपैयाँसम्मको फाइदा प्राप्त गर्न सक्ने कम्पनीले बताएको छ । योजनामा उत्कृष्ट मूल्यांकन सुविधा, अतिरिक्त एक्सचेन्ज बोनस, सहज फाइनान्स सुविधा, निःशुल्क एक्सेसरी तथा तत्काल डेलिभरी जस्ता आकर्षक अफर समेटिएका छन् । यो अफर एमजी र आइएमका सबै इलेक्ट्रिक मोडलहरूमा लागू हुनेछ । ग्राहकले देशभर रहेका आधिकारिक एमजी सोरूममार्फत यो एक्सचेन्ज योजना लिन सक्ने कम्पनीले जनाएको छ । इलेक्ट्रिक सवारी साधनप्रतिको बढ्दो रुचिलाई ध्यानमा राख्दै कम्पनीले आफ्ना लोकप्रिय मोडलहरूमा विशेष सुविधा उपलब्ध गराएको हो । यो अफर पुस १० गतेदेखि सुरू भएको कम्पनीको भनाइ छ ।




# वायु प्रदूषण बढ्दा दिल्लीको अवस्था गम्भीर

काठमाडौं । वायुको गुणस्तर खस्किए भारतको दिल्ली सरकार गम्भीर बनेको छ । प्रदूषण घटाउनका लागि सरकारले डिजल/पेट्रोल इन्जिन सवारीको सट्टा विद्युतीय सवारीसाधन (इभी) प्रवर्धनमा नयाँ नीति लागू गर्ने तयारी गरेको छ ।

दिल्ली सरकारले सन् २०२६ को जनावरीदेखि नै नयाँ नीति लागू गर्ने भएको हो । दिल्लीका यातायात मन्त्री पंकज सिंहले नयाँ इभी नीति २.० आगामी १५ देखि २० दिनभित्र कार्यान्वयनमा ल्याउने तयारी छ ।

यो नीतिले पहिलेको २०२० इभी नीतिलाई प्रतिस्थापन गर्दै दिल्लीलाई इलेक्ट्रिक मोबिलिटीमा अग्रणी बनाउने लक्ष्य राखेको उनले बताएका छन् ।

नयाँ नीतिले प्रदूषण कम गर्ने मात्र नभई विद्युतीय सवारीसाधन खरिद गर्नेहरुलाई पनि फाइदा पुऱ्याउने जनाइएको छ । नयाँ नीतिसँगै विद्युतीय कार वा अन्य विद्युतीय सवारीसाधन खरिदमा अनुदानको साथै दर्ता शुल्कमा पनि लाभ प्राप्त हुनेछ ।

नयाँ इभी नीतिले दुई पाङ्गे सवारीसाधनमा प्रति किलोवाट १० हजारदेखि ३० हजार रुपैयाँ भारुसम्म अनुदान प्राप्त गर्न सक्ने जनाइएको छ । यो प्रोत्साहनबाट महिलाहरु बढी लाभान्वित हुने अपेक्षा सरकारको छ ।

सरकारले यातायात क्षेत्रबाट हुने प्रदूषण २५-३० प्रतिशतले घटाउने लक्ष्य राखेको छ । त्यसैले यस पटक निजी कारहरुलाई विशेष छुट दिने योजना आउन सक्ने भनिएको छ । राज्यको अनुदान बाहेक केन्द्र सरकारले समेत दुई पाङ्गे र तीन पाङ्गे सवारी साधनमा प्रति किलोवाट प्रति घण्टा प्रोत्साहन पनि प्रदान गर्नेछ ।

विगत एक वर्षदेखि थाँति रहेको अनुदानको अहिले पुनः वितरण सुरु भएको राज्य सरकारले जनाएको छ । सरकारले यो अनुदानमा लगभग ४५ करोड रुपैयाँ खर्च गरेको छ ।

अहिले दिल्ली विश्वकै ठूलो सहरमध्यमा पर्छ । २०२५ सम्म यहाँको जनसंख्या साढे ३ करोड नजिक पुगिसकेको छ । विशाल जनसंख्या भएकाले यातायात र सुविधा व्यवस्थापनमा राज्य सरकारलाई ठूलो दबाब छ ।

# प्यासेन्जर कमर्सियल गाडी हुँदै नेपाल भित्रियो विद्युतीय ह्वील लोडर

काठमाडौं- नेपालको पूर्वाधार निर्माणको क्षेत्रमा विद्युतीय ह्वील लोडर प्रयोग गर्न सकिने भएको छ । पन्चकन्या ग्रुपले चिनियाँ ब्रान्डको विद्युतीय ह्वील लोडर नेपाली बजारमा पहिलो पटक ल्याएको हो ।

कम्पनीले चिनियाँ शानडोङ लिङ्गोङ कन्स्ट्रक्सन मेसिनरी कम्पनी लिमिटेड( एसडीएलजी) ब्रान्डको विद्युतीय ह्वील लोडर ल्याएको हो । यो भोल्भोको सब्सिडरी कम्पनी हो । यसमा भोल्भोको कमर्सियल युनिटले लगानी गरेको छ । यो ब्रान्ड चीनमा विभिन्न हेभी इक्विपमेन्ट मेसिनरी उत्पादन गर्ने एक प्रमुख कम्पनी हो ।

एसडीएलजी ब्रान्डको लोडरहरु आधिकारिक बिक्रेता पन्चकन्या ग्रुप अन्तर्गतको एक्सप्लोर अर्थ मुभर्स हो । कम्पनीका सेल्स हेड नरेन्द्र जोशीका अनुसार पहिलो लटमा ८ वटा विद्युतीय ह्वील लोडर आयात गरिएको छ । उनले केही युनिट बुकिङ समेत भइसकेको दाबी गरे ।

‘अहिले यो खरिद गर्न इच्छुक निर्माण कम्पनीहरुले हेरेर गएका छन् । हामीले यो लोडरलाई आफ्नै साइटमा प्रयोग गरिरेका छौं,’ उनले भने ।

नेपालको जुनसुकै पूर्वाधार निर्माणमा यो लोडर प्रयोग गर्न सकिन्छ । क्रसर उद्योग, जलविद्युतको टनेल, सडकको टनेल र अन्य सडकमा उपयोगी हुन्छ । विद्युतीय भएकै कारण इन्धनमा हुने ठूलो खर्च कम हुने भएकाले निर्माण कम्पनीले चासोपूर्वक हेरिरहेको जोशीले बताए ।

यसमा १८० किलोवाट आवर(युनिट) क्षमताको लिथियम आयरन फस्फेट ब्याट्री राखिएको छ । यसलाई चार्ज गर्न २४० किलोवाट क्षमताको चार्जर छ । सो चार्जरले चार्ज गर्दा ४५ मिनेटदेखि १ घन्टा लाग्छ । उक्त फुल चार्ज गर्दा ६ घन्टासम्म चलाउन सकिन्छ । यसमा मोटर पावर ६० किलोवाट नियमित र ९० किलोवाट अधिकतम रहेको छ ।

इन्धन लोडरले १ घन्टामा १२ लिटर डिजल खान्थ्यो भने यसमा फुल चार्ज गर्दा उक्त डिजलको पैसाले ६ घन्टासम्म चलाउन सकिन्छ । तर यसमा साइटमा हुने काम अनुसार रेन्ज दिन्छ । तर कम्तीमा ५ घन्टासम्म चल्ने कम्पनीको दाबी छ । विद्युतीय भएकै कारण ध्वनी र वायु प्रदुषण हुँदैन ।

एसडीएलजीका इलेक्ट्रिक ह्वील लोडरहरूमा रिजेनेरेटिभ ब्रेकिङ प्रविधि प्रयोग गरिएको छ, जसले ब्रेक लगाउँदा निस्कने ऊर्जा पुनः ब्याट्रीमा भण्डारण गर्छ र एकपटक चार्ज गर्दा काम गर्ने समय बढाउँछ । यी लोडरमा लिथियम आइरन फस्फेट ब्याट्री प्रयोग हुन्छ, जुन लामो आयु, उच्च तापक्रम सहने क्षमता र सुरक्षाका हिसाबले सुरक्षित मानिन्छ ।

ब्याट्रीका लागि इन्टेलिजेन्ट थर्मल म्यानेजमेन्ट सिस्टम जडान गरिएको छ, जसले अत्याधिक चिसो वा गर्मीमा पनि मेसिनलाई सुरक्षित रूपमा चलाउन सहयोग गर्छ । एसडीएलजीका केही मोडलहरूमा इको, लोडिङ, ग्रेडिङ र स्ट्याकिङ जस्ता फरक-फरक वर्किङ मोड उपलब्ध छन्, जसले कामको प्रकृतिअनुसार ऊर्जा खपत घटाउन मद्दत गर्छ

‘अहिले हामीले ८ वटा बाहेक फेरि ३ वटा आयात गर्दैछौं । कम्पनीहरुले बुकिङ गर्न थालेका छन् । हामीले ग्राहकले आफैले एलसी खोलेर पनि ग्राहकहरुले उक्त लोडर ल्याउन पाइन्छ । हामी बीचमा बसेर नेगोसिएसन गरिदिन्छौं,’ जोशीले भने ।

भारत, चीन, इन्डोनेसिया जस्ता देशहरुमा यसको प्रयोग तीव्र गतिमा भइरहेको छ । त्यहाँको सरकारहरुले विद्युतीय हेभी इक्विपमेन्ट चलाउन अनुदान समेत दिने गरेको छ ।

यसको मूल्य १ करोड २५ लाख रुपैयाँ तोकिएको छ । यो सुरुवाती दिनमा खरिद गर्दा दुई गुणा महँगो हुन्छ । तर यसको संचालन खर्च कम हुँदा दीर्घकालिन रुपमा सस्तो पर्छ । बकेट साइज १.५-३.० क्युबिक मिटर क्षमताको मेसिन हो । यसको मतलब धेरै प्रकारका सामाग्रीको लोडिङ र अनलोडिङमा काम आउँछ ।

# दिपलले ल्यायो क्रिसमस र नयाँ वर्ष लक्षित टेस्ट ड्राइभ र एक्सचेन्ज अफर




काठमाडौं । लक्जरी इभी ब्रान्ड दिपलको आधिकारिक वितरक एमएडब्लु वृद्धिले क्रिसमस र नयाँ वर्ष २०२६ को अवसरमा विशेष टेस्ट ड्राइभ तथा एक्सचेन्ज कार्यक्रम दिपल फेस्टिभ ड्राइभु सुरू गरेको छ ।

यो कार्यक्रममा ग्राहकले अत्याधुनिक इभी प्रविधिको अनुभव गर्नका साथै आकर्षक फेस्टिभ बेनेफिटहरू पाउनेछन् । पुस १० देखि १७ सम्म संचालन हुने यस अभियानमा ग्राहकहरूले नक्सालस्थित चांगान सोरुममा दिपलका प्रिमियम इभी मोडेलको टेस्ट ड्राइभ लिनुका साथै आफ्ना पुराना सवारीसाधन साटेर नयाँ दिपल इभी एक्सचेन्ज गर्न सक्नेछन् । यो अभियानको उद्देश्य चाडपर्वको खुसीसँग नेपाली उपभोक्तालाई स्मार्ट, स्वच्छ र अत्याधुनिक इलेक्ट्रिक मोबिलिटीतर्फ प्रोत्साहन गर्नं रहेको छ ।

कार्यक्रममा फेस्टिभ डेकोरेसन, सान्टा रोबोटको अनुभवका साथै ग्राहकहरूले आकर्षक गिफ्ट ह्याम्पर पनि पाउनेछन् । दिपलले नवीनता, जीवनशैली र उत्सवलाई एउटै प्लेटफर्ममा समेट्ने प्रयास स्वरुप यो अभियान सुरू गरेको हो । यसको उद्देश्य केवल अफर मात्र होइन ग्राहकसँग भावनात्मक सम्बन्ध निर्माण गर्नं पनि रहेको कम्पनीको भनाइ छ ।

# टाटा टियागो इभीको लागि सिप्रदी ट्रेडिङको ‘ग्रेटेस्ट अफर अफ अल टाइम’: आकर्षक उपहार र नगद छुट सहित

काठमाडौं । टाटा मोटर्सका लागि नेपालको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रा.लि.ले टाटा टियागो इभिका लागि अहिलेसम्मकै आकर्षक योजना ‘ग्रेटेस्ट अफर अफ अल टाइम’ अफर घोषणा गरेको छ ।




विशेष सुविधाले भरिएको यो अफर अन्तर्गत ग्राहकहरूले सवारी खरिदसँगै आकर्षक पुरस्कार र ठूलो नगद छुट तथा प्रिमियम सेवाहरू प्राप्त गर्न सक्नेछन् । यस अफरको मुख्य आकर्षण अन्तर्गत ग्राहकले तीन उत्कृष्ट उपहार विकल्प मध्ये कुनै एक बाली भ्रमण जोडीका लागि, आइफोन १७ प्रो म्याक्स वा सबैभन्दा ठूलो नगर छुट रोज्न सक्नेछन् ।

योजनामा थप रूपमा सर्वश्रेष्ठ एक्सचेन्ज मूल्य, जीवनभरका लागि डीसी फास्ट चार्जिङ सुविधा, एक वर्षको सवारी कर, निःशुल्क एक्सेसरीज, तथा फ्री होम चार्जर इन्स्टलेसन जस्ता सुविधाहरू समेटिएका छन् । यी सुविधाले ग्राहकलाई थप सहज र भरपर्दो अनुभव प्रदान गर्ने कम्पनीको विश्वास छ । नेपाली बजारमा लोकप्रिय रूपमा स्थापित टाटा टियागो इभि आधुनिक डिजाइन, उत्कृष्ट प्रदर्शन र किफायती सञ्चालन खर्चका कारण धेरै ग्राहकको प्राथमिकता बन्न सफल भएको छ । किफायती मूल्य र सहरी क्षेत्रको लागि उपयुक्त टाटा टियागो इभि सुरूवाती मुल्य २७ लाख ४९ हजार रहेको छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana . news2065@gmail . com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार